# खानी तथा खनिज पदार्थ नियमावली, २०५६

(मिति २०७६ साल जेठ मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

**नेपाल सरकार**

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**सिंहदरबार**

# खानी तथा खनिज पदार्थ नियमावली, २०५६

| संशोधन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| | २०५६।५।३१ |
| १. खानी तथा खनिज पदार्थ (पहिलो संशोधन) नियमावली, २०६० | २०६०।५।१८ |
| २. खानी तथा खनिज पदार्थ (दोस्रो संशोधन) नियमावली, २०७१ | २०७२।१।१४ |
| ३. खानी तथा खनिज पदार्थ (तेस्रो संशोधन) नियमावली, २०७२ | २०७२।११।२४ |
| ४. खानी तथा खनिज पदार्थ (चौथो संशोधन) नियमावली, २०७३ | २०७३।९।१८ |

खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "खानी तथा खनिज पदार्थ नियमावली, २०५६" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले खानी तथा खनिज पदार्थ ऐन, २०४२ सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र" भन्नाले कुनै खनिज पदार्थको खोजतलास कार्य र उत्खनन् कार्य गर्न यस नियमावली बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ग) "खानीद्वार" भन्नाले खनिज क्षेत्रबाट खनिज पदार्थ बाहिर निकासा गरिने मूलद्वार सम्झनु पर्छ ।

▶(घ) "खास खनिज पदार्थ" भन्नाले कुनै खनिज पदार्थको सम्बन्धमा विभागले खनिज सम्झौता गरी खनिज कार्य गर्न अनुमतिपत्र दिएको, गुण र परिमाण यकिन भइसकेको वा प्रारम्भिक अध्ययनबाट सम्भाव्यता देखिएको वा विभाग वा विभागले तोकेको सरकारी निकायले मात्र गर्न पाउने गरी नेपाल सरकारले तोकेको खनिज पदार्थ सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले नियम ३५ बमोजिम गठित खानी विकास समिति सम्झनु पर्छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(च) "केन्द्र" भन्नाले नियम ३९ बमोजिम स्थापना भएको खनिज पदार्थ विकास केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद - २

## खनिज पदार्थको वर्ग र स्तर तथा खनिज कार्य गर्न चाहने व्यक्तिको योग्यता

३. खनिज पदार्थको वर्ग : ऐनको दफा ३क. को उपदफा (१) मा उल्लिखित खनिज पदार्थका वर्गहरु भित्र अनुसूची-१ मा उल्लेख भए बमोजिमका खनिज पदार्थ रहनेछन् ।

४. खनिज पदार्थको स्तर : यस नियमावलीको प्रयोजनको लागि दैनिक उत्पादनको आधारमा धातु तथा अधातु खनिज पदार्थ *सम्बन्धी खनिज कार्यलाई देहाय बमोजिमको स्तरमा विभाजन गरिएकोछ :-

(क) अति साना स्तर

(ख) साना स्तर

*५. खनिज कार्यको अनुमतिपत्र लिन चाहने व्यक्तिको योग्यता : (१) अति महत्वपूर्ण खनिज भित्र पर्ने खनिज पदार्थको खनिज कार्यका लागि अनुमतिपत्र लिन चाहने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित खनिज कार्य सम्बन्धी कामको दुई वर्षको अनुभव भएको वा तत्सम्बन्धी खनिज कार्यको विशेषज्ञलाई काममा लगाउन सक्ने हैसियत भएको ।

(ख) खोजतलास कार्यको लागि खनिज कार्य गर्न चाहेको कुल खनिज क्षेत्रको लागि प्रति वर्ग किलोमिटर चार लाख रुपैयाँ र उत्खनन् कार्यको लागि खनिज कार्य गर्न चाहेको कुल खनिज क्षेत्रको लागि प्रति वर्ग किलोमिटर तीस लाख रुपैयाँको आर्थिक हैसियत भएको ।

(२) महत्वपूर्ण तथा बहुमुल्य खनिजभित्र पर्ने खनिज पदार्थको खनिज कार्यका लागि अनुमतिपत्र लिन चाहने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित खनिज कार्य सम्बन्धी कामको दुई वर्षको अनुभव भएको वा तत्सम्बन्धी खनिज कार्यको विशेषज्ञलाई काममा लगाउन सक्ने हैसियत भएको ।

(ख) खोज तलास कार्यको लागि खनिज कार्य गर्न चाहेको कुल खनिज क्षेत्रको लागि प्रति वर्ग किलोमिटर दुई लाख रुपैयाँ र

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

* पहिलो संशोधनद्वारा संशोधित ।

उत्खनन् कार्यको लागि खनिज कार्य गर्न चाहेको कुल खनिज क्षेत्रको लागि प्रति वर्ग किलोमिटर बीस लाख रुपैयाँको आर्थिक हैसियत भएको ।

(३) सामान्य खनिजभित्र पर्ने खनिज पदार्थको खनिज कार्यका लागि अनुमतिपत्र लिन चाहने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित खनिज कार्य सम्बन्धी कामको एक वर्षको अनुभव भएको वा तत्सम्बन्धी खनिज कार्यको विशेषज्ञलाई काममा लगाउन सक्ने हैसियत भएको ।

(ख) खोज तलास कार्यको लागि खनिज कार्य गर्न चाहेको कुल खनिज क्षेत्रको लागि प्रति वर्ग किलोमिटर एक लाख रुपैयाँ र उत्खनन् कार्यको लागि खनिज कार्य गर्न चाहेको कुल खनिज क्षेत्रको लागि प्रति वर्ग किलोमिटर दश लाख रुपैयाँको आर्थिक हैसियत भएको ।

(४) यस नियमको प्रयोजनको लागि खनिज कार्य सम्बन्धी विशेषज्ञलाई काममा लगाउने गरी अनुमतिपत्रको लागि निवेदन दिनेले त्यस्तो विशेषज्ञले खनिज कार्यको लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन मन्जूर गरेको प्रतिबद्धता पत्र, विशेषज्ञले प्राप्त गरेको विशेषज्ञको दर्ता प्रमाणपत्रको प्रतिलिपि र त्यस्तो विशेषज्ञको कर चुक्ता भएको निस्सा पेश गर्नु पर्नेछ ।

(५) यस नियमावलीको प्रयोजनको लागि आर्थिक हैसियत भएको कुराको प्रमाण स्वरुप निवेदकले जग्गा, घर वा अन्य कुनै चल, अचल सम्पत्ति सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट मूल्यांकन गराएको कागजात वा बैंकमा निजको नाममा रहेको निक्षेपको निस्सा वा विवरण वा निवेदकको आर्थिक हैसियतलाई पुष्टी गर्ने निजको नाममा रहेको चल अचल सम्पत्तिको मूल्य वा रकम खुल्ने कुराको प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## खोजतलास कार्य सम्बन्धी व्यवस्था

६. खोजतलास कार्यको अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने : कुनै व्यक्तिले गुणस्तर तथा परिमाण यकीन भई नसकेको खनिज पदार्थको खोजतलास कार्य गर्न चाहेमा अनुमतिपत्रको लागि खोजतलास कार्यको प्रस्तावित योजना समेत संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

७. खोजतलास कार्यको अनुमतिपत्र दिनु पर्ने : (१) नियम ६ बमोजिम निवेदन प्राप्त भएपछि विभागले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्तिलाई अनुमतिपत्र दिन उपयुक्त देखेमा अनुसूची-४ बमोजिमको दस्तुर लिई अनुसूची-५ बमोजिमको ढाँचामा खोजतलास कार्यको अनुमतिपत्र दिनेछ ।

✱(२) उपनियम (१) बमोजिम अनुमतिपत्र दिने गरी विभागले निर्णय गरेको जानकारी दिएको मितिले तीस दिन भित्र निवेदक आफैं वा निजको प्रतिनिधिले अनुमतिपत्र बुझिलिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्र अनुमतिपत्र बुझी नलिएमा सो अनुमतिपत्र स्वत: रद्द हुनेछ ।

८. खोजतलास कार्यको आकार तथा क्षेत्रफल : (१) विभागले कुनै खनिज पदार्थको खोजतलास कार्यको लागि आयताकारमा घटीमा ०.२५ वर्ग किलोमिटर (करिव एक वर्गमाइलको दशांश) र बढीमा २५० वर्ग किलोमिटर (करिव सय वर्गमाइल) सम्मको क्षेत्रफल निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको क्षेत्रफलको कुल लम्बाईको नाप कुल चौडाईको नापको चार गुणा भन्दा बढी हुने छैन ।

९. खोजतलास कार्यको अवधि र अवधि थप सम्बन्धी व्यवस्था : ✱(१) नियम ७ बमोजिम खोजतसाल कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले अति महत्वपूर्ण खनिज वा महत्वपूर्ण तथा बहुमूल्य खनिज भित्र पर्ने खनिज पदार्थ भए चार वर्ष र सामान्य खनिज भित्र पर्ने खनिज पदार्थ भए दुई वर्षको अवधि भित्र खोजतलास कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र खोजतलास कार्य सम्पन्न गर्न नसकिने भई अवधि थप गर्नु पर्ने भएमा खोजतलास कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले त्यसरी अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै अवधि थपको लागि अनुसूची-६ बमोजिमको प्रगति विवरण सहित विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले आवश्यक जाँचवुझ गरी माग बमोजिमको अवधि थप गरिदिन मनासिब देखेमा निवेदन परेको एक महिना भित्र खनिज पदार्थको प्रकृति, भौगर्भिक स्थिति, खोजतलास प्रविधि र कामको प्रगति समेतको आधारमा अनुसूची-४ बमोजिमको थप दस्तुर लिई एक पटकमा एक वर्ष नबढाई बढीमा दुई वर्ष सम्मको लागि खोजतलास कार्यको अवधि थप गरिदिन सक्नेछ ।

१०. खोजतलास कार्यको संचालन : (१) खोजतलास कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खोजतलास कार्यको संचालन अनुमतिपत्र प्राप्त गरेको मितिले ✂छ महिनाभित्र गर्नु पर्नेछ ।

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र खोजतलास कार्यको संचालन नगरेमा विभागले खोजतलास कार्यको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खोजतलास कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष परिस्थिति परी उपनियम (१) बमोजिमको म्यादभित्र खोजतलास कार्यको संचालन गर्न नपाएको कारण सहित उक्त म्याद समाप्त हुनु अगावै विभाग समक्ष निवेदन दिएमा सो निवेदन उपर आवश्यक जाँचबुझ गरी कारण मनासिव देखेमा विभागले सो म्याद समाप्त भएको मितिले नब्बे दिनभित्र खोजतलास कार्यको संचालन गर्न दिन सक्नेछ ।

११. <u>खोजतलास कार्य गर्दा पालन गर्नु पर्ने शर्तहरु</u> : खोजतलास कार्यको अनुमतिपत्र पाउने व्यक्तिले खोजतलास कार्य गर्दा पालन गर्नु पर्ने शर्तहरु देहाय बमोजिम हुनेछन् :-

(क) खोजतलास कार्यको संचालन गर्दा स्वस्थ प्रणाली अनुसरण गरी लगनशील एवं दक्ष तरिका अपनाउने ।

(ख) खोजतलास कार्यको अनुमतिपत्रमा उल्लिखित क्षेत्र भित्र रहेका घर, जग्गा, रुख, वाली वस्तु वा अन्य सम्पत्तिमा हानी नोक्सानी हुने कार्य नगर्ने ।

(ग) खोजतलास कार्यको सिलसिलामा कुनै पुरातात्विक वस्तु फेला परेमा सो वस्तुलाई सुरक्षित राखी सम्बन्धित जिल्ला प्रकाशन कार्यालय तथा विभागलाई यथाशीघ्र चाँडो खवर गर्ने ।

(घ) खोजतलास कार्य समाप्त भएको मितिले तीस दिन भित्र अनुमतिपत्रमा उल्लिखित क्षेत्रमा खोजतलास कार्यको सिलसिलामा बनेका खाल्टो, चनक, टोपा वा भरिएका जग्गामा कुनै पर्खाल वा बार लगाउनु पर्ने भए लगाउने ।

(ङ) खोजतलास कार्यको म्याद समाप्त भएको मितिले एक सय असी दिन भित्र अनुमितपत्रमा उल्लिखित क्षेत्रबाट आफ्ना सबै मालसामान हटाउने ।

(च) खोजतलास कार्यको सिलसिलामा प्राप्त खनिज पदार्थको बिक्रि वितरण गर्न नपाईने ।

१२. <u>खोजतलास कार्यको क्षेत्र परित्याग</u> : (१) ➔...............

(२) ➔............ खोजतलास कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले आफुले प्राप्त गरेको अनुमतिपत्रमा उल्लेख भएको क्षेत्रमध्ये केही क्षेत्र परित्याग गर्न

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

चाहेमा सो कुरा उल्लेख गरी क्षेत्र परित्यागको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

*(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा विभागले आयातकारमा ०.२५ वर्ग किलोमिटर (करीब एक वर्ग माइलको दशांश) मा नघटाई खोजतलासको क्षेत्रफल परित्याग गर्न स्वीकृति दिन सक्नेछ ।

१३. <u>खोजतलास कार्य गर्दा पाउने सुविधा तथा सहुलियत</u> : खोजतलास कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खोजतलास कार्य गर्दा देहाय बमोजिमको सुविधा तथा सहुलियत पाउनेछ :-

(क) खोजतलास कार्यको अनुमतिपत्रमा उल्लिखित क्षेत्र भित्र खोस्री, खनी, दुलो छेडी वा अन्य उपयुक्त तरिकाद्वारा खोजतलास गर्ने ।

(ख) खोजतलास कार्यको सिलसिलामा झिकिएका खनिज पदार्थ सो खनिज पदार्थको प्रकृति, परिमाण, महत्व र प्रस्तावित परीक्षण वा विश्लेषण गर्न वा गराउनको निमित्त विभागले स्वीकृति दिएको परिमाणमा कोरा, अर्ध तयारी वा तयारी खनिज पदार्थको नमूना विदेश लैजाने ।

(ग) खोजतलास कार्यको निमित्त र सो कार्यमा संलग्न व्यक्तिहरुलाई आवश्यक पर्ने पानी सर्वसाधारणलाई असर नपर्ने गरी खोजतलास क्षेत्रभित्र वा बाहिरबाट ल्याई उपयोग गर्ने ।

(घ) खोजतलास कार्यको निमित्त खोजतलास कार्य क्षेत्रभित्र चाहिने मेशिन, कलपूर्जा वा सरसामान राख्ने र खोजतलास कार्यमा संलग्न व्यक्तिहरु बस्ने घर, टहरा, छाप्रो बनाउने ।

## परिच्छेद - ४

## <u>उत्खनन् कार्य सम्बन्धी व्यवस्था</u>

१४. <u>उत्खनन् कार्यको अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने</u> : (१) कुनै व्यक्तिले गुणस्तर तथा परिमाण यकीन भई सकेको खनिज पदार्थको उत्खनन् कार्य गर्न चाहेमा अनुमतिपत्रको लागि उत्खनन् कार्यको प्रस्तावित योजना समेत संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ७ बमोजिम खोजतलास कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले समेत उत्खनन् कार्य गर्ने अनुमतिपत्र लिन चाहेमा सोको लागि खोजतलास अवधि समाप्त हुनु भन्दा अगावै खोजतलास कार्यको विस्तृत प्रतिवेदन तथा उत्खनन् कार्यको प्रस्तावित

---

* पहिलो संशोधनद्वारा संशोधित ।

योजना समेत संलग्न गरी अनुसूची - ७ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

१५. उत्खनन् कार्यको अनुमतिपत्र दिनु पर्ने : (१) नियम १४ बमोजिम निवेदन प्राप्त भएपछि सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा उत्खनन् कार्यको प्रस्तावित योजना समेत उपयुक्त देखेमा निवेदन दिने व्यक्तिलाई विभागले अनुसूची-४ बमोजिमको दस्तुर लिई अनुसूची-८ बमोजिमको ढाँचामा उत्खनन् कार्य गर्ने अनुमतिपत्र दिनेछ ।

✱(२) उपनियम (१) बमोजिम अनुमतिपत्र दिने गरी विभागले निर्णय गरेको जानकारी दिएको मितिले तीस दिनभित्र निवेदक आफैं वा निजको प्रतिनिधिले अनुमतिपत्र बुझिलिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र बुझी नलिएमा सो अनुमतिपत्र स्वत: रद्द हुनेछ ।

१६. उत्खनन् कार्यको आकार तथा क्षेत्रफल : (१) विभागले खनिज पदार्थको उत्खनन् कार्यको लागि आयताकारमा घटिमा ०.२५ वर्ग किलोमिटर (करिव एक वर्ग माइलको दशांश) र बढीमा २५ वर्ग किलोमिटर (करिव दश वर्ग माइल) सम्मको क्षेत्रफल निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको क्षेत्रफलको कुल लम्वाईको नाप कुल चौडाईको नापको चारगुणा भन्दा बढी हुनेछैन ।

■(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण निर्माणमुखी खनिज पदार्थको उत्खनन् कार्यको लागि ०.२५ वर्ग किलोमिटर (करिब एक वर्ग माइलको दशांश) क्षेत्रफल कायम हुनु पर्नेछ ।

■(४) उपनियम (३) बमोजिमको क्षेत्रफलमा उत्खनन् क्षेत्र र खानी क्षेत्र क्रमश: कम्तीमा ०.०१ वर्ग किलोमिटर तथा ०.०५ वर्ग किलोमिटर रहेको हुनु पर्नेछ ।

स्पष्टीकरण : यस उपनियमको प्रयोजनको लागि,-

(क) "उत्खनन् क्षेत्र" भन्नाले खानी क्षेत्रभित्र खनिज दोहन गरिने क्षेत्र सम्झनु पर्छ ।

(ख) "खानी क्षेत्र" भन्नाले खनिज क्षेत्रभित्र सञ्चालन गरिने उत्खनन् क्षेत्र सम्झनु पर्छ र सो शब्दले उत्खनन् क्षेत्र वरिपरिको खनिज दोहन गर्न आवश्यक पूर्वाधार एवं सुविधाका लागि चाहिने जग्गा समेतलाई जनाउँछ ।

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।



कानून किताब व्यवस्था समिति

१७. <u>उत्खनन् कार्यको अवधि र अवधि थप सम्बन्धी व्यवस्था</u> : *(१) नियम १५ बमोजिम उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरका खनिज पदार्थको क्रमश: दश वर्ष, पन्ध्र वर्ष, बीस वर्ष र तीस वर्षको अवधिभित्र उत्खनन् कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

तर सिमेण्ट स्तरको चुनढुङ्गा खनिज पदार्थ उत्खनन् कार्यको हकमा अति साना स्तरका लागि शुरुको अवधि पन्ध्र वर्ष र साना स्तरका लागि शुरुको अवधि बीस वर्षसम्म हुनेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र उत्खनन् कार्य सम्पन्न गर्न नसकिने भई अवधि थप गर्नुपर्ने भएमा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले त्यसरी अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै अवधि थपको लागि अनुसूची-९ बमोजिमको वार्षिक उत्पादन प्रगति विवरण समेत संलग्न गरी विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले आवश्यक जाँचबुझ गरी माग बमोजिमको अवधि थप गरिदिन मनासिव देखेमा निवेदन परेको एक महिना भित्रमा अनुसूची-४ बमोजिमको थप दस्तुर लिई अति साना स्तर, साना स्तर, मझौला स्तर र ठूला स्तरको खनिज पदार्थको 🕮<u>उत्खनन् कार्यको</u> क्रमश: एक वर्ष, दुई वर्ष, पाँच वर्ष र दश वर्ष सम्मको लागि अवधि थप गरिदिन सक्नेछ ।

■(४) उपनियम (१) र (३) बमोजिमको अवधिभित्र सम्पूर्ण उत्खनन् कार्य नभई केही खनिज पदार्थको भण्डारण बाँकी रहेमा र सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले थप उत्खनन् कार्य गर्न चाहेमा सो उत्खनन् कार्यको प्रस्तावित योजना संलग्न गरी अनुसूची-७क. बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

■(५) उपनियम (४) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा त्यस्तो खनिज पदार्थको थप उत्खनन् कार्य गर्ने अनुमतिपत्र दिन उपयुक्त देखिएमा अनुसूची-४ बमोजिमको दस्तुर लिई अवधि किटान गरी त्यस्तो खनिज पदार्थको उत्खनन् कार्य गर्न अनुसूची-८क. बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

🕮१७क. <u>खनिज क्षेत्रको परित्याग</u> : (१) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले आयातकारमा ०.२५ वर्ग किलोमिटर (करीब एक वर्ग माइलको दशांश) क्षेत्रफलमा नघट्ने गरी आफूले पाएको अनुमतिपत्रमा उल्लिखित क्षेत्र परित्याग गर्न विभाग समक्ष निवेदन पेश गर्न सक्नेछ ।

---

🕮 पहिलो संशोधनद्वारा थप ।

■ तेस्रो संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा विभागले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा क्षेत्र परित्याग गर्ने स्वीकृति दिन सक्नेछ ।

१८. उत्खनन् कार्यको संचालन : (१) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले उत्खनन् कार्यको संचालन अनुमतिपत्र प्राप्त गरेको मितिले ▶दुई वर्षभित्र गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र उत्खनन् कार्यको संचालन नगरेमा विभागले उत्खनन् कार्यको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष परिस्थिति परी उपनियम (१) बमोजिमको म्यादभित्र उत्खनन् कार्यको संचालन गर्न नपाएको कारण सहित उक्त म्याद समाप्त हुनु भन्दा तीन महिना अगावै विभाग समक्ष निवेदन दिएमा सो निवेदन उपर आवश्यक जाँचबुझ गरी कारण मनासिब देखेमा विभागले खनिज पदार्थको वर्ग, भौगोलिक स्थिति, उत्खनन् प्रविधि तथा अन्य कुराको आधारमा सो म्याद समाप्त भएको मितिले ▶एक वर्षभित्र उत्खनन् कार्यको संचालन गर्न दिन सक्नेछ ।

■(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनुभन्दा अघि उत्खनन् अनुमतिपत्र प्राप्त गरी उपनियम (१) र (३) को अवधिभित्र उत्खनन् कार्य सञ्चालन नगरेका अनुमतिपत्र प्राप्त व्यक्तिले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र उत्खनन् कार्य सञ्चालन गर्न सक्नेछ ।

१९. उत्खनन् कार्य गर्दा पालन गर्नु पर्ने शर्तहरु : उत्खनन् कार्यको अनुमतिपत्र पाउने व्यक्तिले उत्खनन् कार्य गर्दा पालन गर्नु पर्ने शर्तहरु देहाय बमोजिम हुनेछन् :-

(क) उत्खनन् कार्य गर्दा खनिज पदार्थको अधिकतम सदुपयोग र खनिज सम्पदाको संरक्षण हुने गरी गर्ने ।

(ख) उत्खनन् कार्य गर्दा वातावरणमा सकेसम्म न्यूनतम प्रतिकूल प्रभाव पर्ने उपाय अपनाई वातावरण संरक्षणमा समुचित ध्यान दिई कार्य गर्ने ।

(ग) राष्ट्रिय तथा सार्वजनिक हित र सुरक्षाको निमित्त छुट्याईएका स्थानहरुमा र प्राचिन स्मारक, शहर, चिहान, मसानघाट, सार्वजनिक बाटो, घाट, बाँध, पैनी, पाईप लाईन, किल्ला, गढी, छाउनी, मन्दिर, मस्जिद, गिर्जाघर, घर, कारखाना ईत्यादिबाट

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

■ तेस्रो संशोधनद्वारा थप ।

कम्तीमा पचास मिटर भित्र उत्खनन् कार्य नगर्ने र त्यस्तो क्षेत्रमा घर, कारखाना वा गोदाम नबनाउने ।

(घ) आफ्नो उत्खनन् क्षेत्रको नजिकै उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त अन्य व्यक्तिलाई आफूले बनाएको ट्राम लाईन, रोपवे लाईन, बाटो र पानी घाट समेत मनासिब शर्तमा उपयोग गर्न दिने ।

(ङ) खनिज पदार्थ भण्डार गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरु राख्नु पर्ने ।

(च) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त भू-सतहको सीमाना बाहिर हुने गरी उत्खनन् कार्य नगर्ने र दुई वा दुई भन्दा बढी अनुमतिपत्रमा उल्लिखित क्षेत्रको सीमाना जोडिएको रहेछ भने अनुमतिपत्र प्राप्त व्यक्तिले सो सीमानाबाट पच्चीस मिटर छोडी खानी उत्खनन् कार्य गर्ने ।

(छ) उत्खनन् कार्य गर्दा खोलेको टोपा, टनेल खाल्टा ईत्यादिमा कुनै दुर्घटना हुन नपाउने गरी सुरक्षाको व्यवस्था गर्ने ।

(ज) उत्खनन् कार्य गर्दा कुनै दुर्घटना परेमा, कुनै व्यक्तिको मृत्यु भएमा वा आफूले पाएको अनुमतिपत्रमा उल्लिखित क्षेत्रभित्र कसैको धन सम्पत्तिको हानी नोक्सानी हुन गएमा वा हुन सक्ने सम्भावना देखिएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय र विभागलाई तुरुन्त सूचना दिने ।

(झ) खनिज क्षेत्रमा उत्खनन् कार्य संचालन गर्दा सोको रेखदेख, नियन्त्रण आदिको लागि अनुमतिपत्र प्राप्त व्यक्ति स्वयं वा निजको प्रतिनिधि रहनु पर्ने ।

(ञ) खानी क्षेत्रमा कार्यालय खडा गरी सो कार्यालयमा आफूले पाएको अनुमतिपत्र स्पष्ट देखिने गरी राख्ने ।

(ट) आफ्नै खर्चमा खनिज क्षेत्रको सीमाना कायम गर्ने ।

(ठ) आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा खनिज कार्यमा बाधा परी एक महिना भन्दा बढी उत्खनन् कार्य बन्द वा रोकावट हुन गएमा विभागमा सूचना गर्ने ।

(ड) खनिज कार्यको अवधि समाप्त भएमा वा उत्खनन् कार्य गर्ने अनुमतिपत्र रद्द गरी उत्खनन् कार्य बन्द गर्नु परेमा छ महिना भित्रमा बन्द गरी आफ्नो सम्पूर्ण सामान सो क्षेत्रबाट हटाई खाल्टो, चनक, टोपा र भासिएको जग्गा पूरैमा बार वा पर्खाल

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

लगाउनु पर्ने भएमा बार वा पर्खाल लगाई त्यस क्षेत्रमा उपयुक्त पुनर्स्थापना कार्य गर्ने ।

२०. उत्खनन् कार्य गर्दा पाउने सुविधा तथा सहुलियत : उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले उत्खनन् कार्य गर्दा देहाय बमोजिमको सुविधा तथा सहुलियत पाउनेछ ।

(क) खनिज पदार्थ झिक्नलाई सबै प्रकारको उत्खनन् कार्य गर्ने ।

(ख) खनिज पदार्थ झिकी प्रशोधन गर्ने, शुद्धिकरण गर्ने, भण्डार गर्ने, ढुवानी गर्ने, बिक्री वितरण गर्ने वा विदेश निकासी गर्ने ।

(ग) खनिज पदार्थको उत्खनन् कार्यका निमित्त आवश्यक यन्त्र, औजार, उपकरण आदि पैठारी गर्ने ।

(घ) खनिज पदार्थको उत्खनन् कार्यको लागि आवश्यक सबै प्रकारका निर्माण कार्य गर्ने र सो निर्माण कार्यका लागि आवश्यक ढुंगा, माटो, बालुवा, ग्राभेल आदि खनिज क्षेत्र भित्रबाट झिक्ने ।

२१. रोयल्टी बुझाउनु पर्ने : (१) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको परिमाणको आधारमा अनुसूची-१० बमोजिमको रोयल्टी बुझाउनु पर्नेछ ।

✱(२) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले उपनियम (१) बमोजिम बुझाउनु पर्ने रोयल्टी बापतको रकम विभागको नाममा प्रत्येक महिना समाप्त भएको मितिले सात दिनभित्र राजस्व खातामा दाखिला गरी पन्ध्र दिन भित्र मासिक उत्पादन विवरणसहित राजस्व दाखिला भौचर विभागमा पेश गर्नु पर्नेछ ।

🕮(३) उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले उपनियम (२) मा तोकिएको म्यादभित्र रोयल्टी बापतको रकम दाखिला नगरेमा सो म्याद समाप्त भएको मितिले तीन महिनासम्म बुझाउनु पर्ने रोयल्टी रकमको दश प्रतिशत, छ महिनासम्म बीस प्रतिशत र एक वर्षसम्म तीस प्रतिशतका दरले अतिरिक्त रकम रोयल्टी रकममा थप गरी बुझाउनु पर्नेछ ।

२२. स्थानीय विकास शुल्क : उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खानिद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको परिमाणको आधारमा नियम २१ बमोजिम तोकिएको रोयल्टीको

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

🕮 पहिलो संशोधनद्वारा थप ।

दश प्रतिशतले हुने स्थानीय विकास शुल्क जिल्ला विकास समिति वा सो समितिले तोकेको निकायमा बुझाउनु पर्नेछ ।

२३. [2]...........।

## परिच्छेद - ५

## खास खनिज पदार्थ सम्बन्धी व्यवस्था

२४. खास खनिज पदार्थको खनिज कार्यको लागि खनिज सम्झौता गर्न सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्ने : (१) ऐनको दफा ५ को उपदफा (३) बमोजिम खास खनिज पदार्थको सम्बन्धमा विभागले खनिज सम्झौता गरी खनिज कार्य गर्न अनुमतिपत्र दिने प्रयोजनको लागि आवश्यक विवरण सहित [α]कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी ❖छुट्टा-छुट्टै सिलबन्दी प्राविधिक र आर्थिक प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

■(१क) उपनियम (१) बमोजिम सूचना प्रकाशन गर्नु पूर्व प्रस्ताव आह्वान सम्बन्धी कागजात र प्रस्ताव मूल्याङ्कनको आधार विभागले स्वीकृत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव आव्हान गरी प्रकाशन गरिने सूचनामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) खनिज कार्यको लागि आव्हान गरिएको खनिज क्षेत्र ।

▶(ख) खास खनिज सम्बन्धी आधारभूत प्राविधिक विवरण, सूचना तथा जानकारी ।

(ग) भौतिक पूर्वाधार सम्बन्धी उपलब्ध आधारभूत जानकारी ।

(घ) प्रस्ताव दस्तुर ।

■(घ१) नियम ५ बमोजिमको योग्यता ।

❖(घ२) प्राविधिक प्रस्तावको मूल्याङ्कन गरेपछि आर्थिक प्रस्ताव खोलिने कुरा ।

(ङ) अन्य आवश्यक कुराहरु ।

---

2 पहिलो संशोधनद्वारा खारेज ।
α चौथो संशोधनद्वारा संशोधित ।
❖ चौथो संशोधनद्वारा थप ।
■ तेस्रो संशोधनद्वारा थप ।
▶ तेस्रो संशोधनद्वारा संशोधित ।

[α](३) विभागले कुनै खनिजको खोजतलास कार्य गर्दा लागेको प्रत्यक्ष खर्चको वर्तमान मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य मानी बढाबढ गर्दा प्रस्तावकले कबोल गरेको रकम वा सो बराबरको शेयर लिन चाहेको भए सो कुरा समेत उपनियम (१) बमोजिम प्रकाशन गरिने सूचनामा उल्लेख गर्नु पर्नेछ ।

[❖](४) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको समयावधिमा तीनवटा भन्दा कम प्रस्ताव प्राप्त हुन आएमा पन्ध्र दिनको म्याद दिई पुनः प्रस्ताव आह्वान गर्नु पर्नेछ । पुनः प्रस्ताव आह्वान गर्दा सो भन्दा पहिला दर्ता हुन आएका प्रस्तावलाई कायमै राख्न सकिनेछ । त्यसरी पुनः प्रस्ताव आह्वान गर्दा पनि तीनवटा प्रस्ताव नपुगेमा प्राप्त भएजति प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ ।

[❖](५) उपनियम (१) वा (४) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले उपनियम (३) बमोजिम विभागले कायम गरेको न्यूनतम मूल्यको दुई प्रतिशतले हुन आउने रकम नगदै वा वाणिज्य बैङ्कले जारी गरेको सो रकम बराबरको जमानत (बैङ्क ग्यारेन्टी) प्रस्तावसाथ पेश गर्नु पर्नेछ ।

[❖](६) उपनियम (१) वा (४) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा प्राविधिक र आर्थिक प्रस्तावको कुल अङ्कभार एक सय मानी त्यस्तो अङ्कभारमध्ये प्राविधिक प्रस्तावको अङ्कभार साठी र आर्थिक प्रस्तावको अङ्कभार चालीस कायम गर्नु पर्नेछ ।

[α]२५. <u>प्राविधिक तथा आर्थिक प्रस्तावमा खुलाउनु पर्ने कुराहरू</u> : (१) नियम २४ बमोजिम पेश गरिने प्राविधिक प्रस्तावमा देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) नियम ५ बमोजिम सम्बन्धित खनिज पदार्थको खनिज कार्यको लागि तोकिएको योग्यता,

(ख) खानी तथा खनिज परियोजना कार्यान्वयन गर्ने तरिका र समय तालिका,

(ग) प्रस्तावकसँग खनिज कार्यको लागि आवश्यक यन्त्र उपकरण, जनशक्ति वा विशेषज्ञको व्यवस्था गर्न सक्ने क्षमता र पूँजी,

(घ) खनिज कार्यको अवधिमा गरिने विभिन्न चरणको न्यूनतम कार्यक्रम,

(ङ) अन्वेषणात्मक विकास तथा सम्भाव्यता अध्ययनको योजना,

---

α चौथो संशोधनद्वारा संशोधित ।

❖ चौथो संशोधनद्वारा थप ।

(च) लगानी, रोजगारी र सामाजिक विकासको योजना,

(छ) अन्वेषण वा उत्पादन गर्दा प्रयोग गरिने प्रविधि, लगानीको स्रोत र प्रस्तावकको क्षमता,

(ज) खनिज कार्य गरेको र खनिज बिक्री वितरण सम्बन्धी अनुभव,

(झ) कबोल गरेको रकम वा शेयर एकमुष्ठ वा चरणबद्ध रूपमा कसरी दाखिला गर्ने हो त्यसको समय तालिका,

(ञ) अन्य आवश्यक कुराहरू ।

(२) नियम २४ बमोजिम पेश गरिने आर्थिक प्रस्तावमा सोही नियमको उपनियम (३) बमोजिम बढाबढद्वारा कबोल गरेको रकम वा सो रकम बराबरको शेयरको हिस्साको विवरण खुलाउनु पर्नेछ ।

[α]२६. प्रस्तावको मूल्याङ्कन : (१) प्रस्तावको मूल्याङ्कन गर्दा नियम ५ बमोजिम सम्बन्धित खनिज पदार्थको खनिज कार्यको लागि तोकिएको योग्यता पुगेका प्रस्तावकले पेश गरेको प्राविधिक प्रस्ताव मात्र मूल्याङ्कनमा समावेश गरिनेछ । प्राविधिक प्रस्तावलाई कायम गरिएको अङ्कभारलाई एक सय मानी देहाय बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) खानी तथा खनिज परियोजना कार्यान्वयन गर्ने तरिका र समय तालिका बापत अङ्क बीस,

(ख) प्रस्तावकसँग खनिज कार्यको लागि आवश्यक यन्त्र, उपकरण, जनशक्ति वा विशेषज्ञको व्यवस्था गर्न सक्ने क्षमता र पूँजी बापत अङ्क बीस,

(ग) खनिज कार्यको अवधिमा गरिने विभिन्न चरणको न्यूनतम कार्यक्रम बापत अङ्क दश,

(घ) अन्वेषणात्मक विकास तथा सम्भाव्यता अध्ययनको योजना बापत अङ्क दश,

(ङ) लगानी, रोजगार र सामाजिक विकासको योजना बापत अङ्क दश,

(च) अन्वेषण वा उत्पादन गर्दा प्रयोग गरिने प्रविधि, लगानीको स्रोत र प्रस्तावकको क्षमता बापत अङ्क पाँच,

---

α चौथो संशोधनद्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(छ) खनिज कार्य गरेको र खनिज बिक्री वितरण सम्बन्धी अनुभव बापत अङ्क दश,

(ज) कबोल गरेको रकम वा शेयर एकमुष्ठ वा चरणबद्ध रूपमा कसरी दाखिला गर्ने हो त्यसको समय तालिका बापत अङ्क दश,

(झ) अन्य आवश्यक कुरा बापत अङ्क पाँच ।

(२) आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावमा कम्तीमा पचास प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकले पेश गरेको आर्थिक प्रस्ताव मात्र खोल्नु पर्नेछ । आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्तावकले कबोल गरेको रकमलाई आर्थिक प्रस्तावलाई छुट्याइएको अङ्कभारले गुणन गरी प्राप्त गुणनफललाई सबभन्दा बढी कबोल गरेको रकमले भाग गर्दा आउने भागफल अङ्क आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क हुनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्ने सिलसिलामा विभागले प्रस्तावकसँग थप विवरण वा जानकारी माग गर्न सक्नेछ ।

(४) उपनियम (१) र (२) अनुसार क्रमश: प्राविधिक र आर्थिक प्रस्तावमा प्राप्त अङ्क जोड्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकको प्रस्ताव सम्झौताको लागि छनौट गर्नु पर्नेछ । छनौट भएको प्रस्तावकलाई तीस दिनको समयावधि तोकी सम्झौता गर्न सूचना दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकले विभागले तोकेको अवधिभित्र सम्झौता गर्न नआएमा निजले राखेको जमानत जफत गरी दोस्रो उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावकको प्रस्ताव छनौट गरिनेछ । त्यसरी सम्झौता गर्न नआउने प्रस्तावकलाई कालोसूचीमा राख्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

२७. वार्ता : नियम २६ बमोजिम प्रस्तावको मूल्याङ्कन गरिसकेपछि विभागले चाहेमा प्रस्तावकसँग वार्ता गर्न सक्नेछ ।

२८. प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने र अनुमतिपत्र दिने : (१) नियम २६ बमोजिम प्रस्तावको मूल्याङ्कन तथा नियम २७ बमोजिम सम्बन्धित प्रस्तावकसँग गरेको वार्ताको आधारमा विभागले प्रस्ताव स्वीकृत गर्न उचित देखेमा प्रस्ताव स्वीकृत गरी प्रस्तावकसँग खास खनिज पदार्थको खनिज कार्य गर्न दिने सम्बन्धमा सम्झौता गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खनिज सम्झौता गरेपछि विभागले सम्झौता गर्ने पक्षलाई अनुसूची-११ बमोजिमको ढाँचामा खास खनिज पदार्थको खनिज कार्य गर्ने अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम सम्झौता गरी खनिज कार्य गर्ने अनुमतिपत्र दिंदा विभागले सम्झौता गर्ने पक्षसँग आवश्यकता अनुसार अनुमतिपत्रको नवीकरण, खनिज क्षेत्रको आकार र क्षेत्रफल, खोजतलास तथा उत्खनन् अवधि, खनिज कार्यको संचालन जस्ता विशेष शर्त राख्न वा निजलाई विशेष सुविधा दिने गरी सम्झौता गर्न सक्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम सम्झौता गरी खनिज कार्य गर्ने अनुमतिपत्र दिंदा विभागले सम्झौता गर्ने पक्षसँग यस नियमावली बमोजिमको रोयल्टी, स्थानीय विकास शुल्क लगायत अन्य दस्तुर वा रकम लिने गरी सम्झौता गर्न सक्नेछ ।

२९. सम्झौता पत्रमा उल्लेख हुनु पर्ने कुराहरु : नियम २८ बमोजिम सम्झौता गर्दा त्यस्तो सम्झौतामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु उल्लेख हुनुपर्नेछ :-

(क) सम्झौताको उद्देश्य ।

(ख) खनिज कार्यको अवधि र अवधि थप सम्बन्धी ।

(ग) विभिन्न चरणमा क्षेत्र परित्याग गर्न सक्ने सम्भावना भए सो कुरा ।

(घ) क्षेत्र परित्याग गर्दाको दायित्व ।

(ङ) सम्झौताका पक्षहरुको कार्य र दायित्व ।

(च) कार्य सम्पादन प्रत्याभूति सम्बन्धी ।

(छ) विभिन्न चरणको खनिज कार्यको कार्यक्रम बजेट तथा सिमा संशोधन ।

(ज) खोज तलास कार्य र त्यसको नतिजा ।

(झ) खनिज उत्पादन अवधि र अवधि थप सम्बन्धी ।

(ञ) वातावरण संरक्षण, खनिज संरक्षण तथा जिउधनको सुरक्षा सम्बन्धी ।

(ट) उत्पादन गरेको खनिज पदार्थको नाप तौल सम्बन्धी ।

(ठ) खनिज कार्य सम्बन्धी प्रतिवेदन पेश गर्ने कुरा ।

(ड) खनिज कार्य संचालन गर्ने र चालु राख्ने सम्बन्धी ।

(ढ) कामदारहरुको सुरक्षा सम्बन्धी ।

(ण) खनिज पदार्थको बिक्री तथा आन्तरिक मागको आपूर्ति ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(त) कर्मचारी तथा तालिम सम्बन्धी ।

(थ) मालसामान खरिद सम्बन्धी ।

(द) जग्गाको उपयोग र सरकारी सहयोग सम्बन्धी ।

(ध) संयुक्त लगानीमा खनिज कार्य संचालन गर्ने भए सो सम्बन्धी ।

(न) सम्झौता बमोजिमको कार्यको संयुक्त पुनरावलोकन सम्बन्धी ।

(प) हिस्सेदारी र हस्तान्तरण सम्बन्धी ।

(फ) खनिज कार्य स्थगित वा रद्द सम्बन्धी ।

(ब) विवाद समाधान सम्बन्धी ।

(भ) खनिज कार्य गर्दा लागू हुने कानून ।

(म) काबू बाहिरको परिस्थितिमा गर्ने कुरा ।

❖(म१) कबोल गरेको बढाबढ रकम वा शेयर दाखिला तालिका ।

❖(म२) लगानी, रोजगारी र सामाजिक विकासको योजना ।

(य) विभागले आवश्यक ठानेका अन्य कुरा ।

३०. खास खनिज पदार्थको खनिज कार्य गर्न नेपाल सरकारले तोक्न सक्ने : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १२ को उपदफा (३) बमोजिम नेपाल सरकारले कुनै खास खनिज पदार्थको खनिज कार्य विभाग वा विभागले तोकेको अन्य सरकारी निकायले मात्र गर्न पाउने गरी तोक्न सक्नेछ ।

## परिच्छेद - ६

## खनिज सम्पदा तथा वातावरण संरक्षण

३१. खनिज सम्पदा संरक्षण : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा न्यूनतम भूमिलाई असर पर्ने गरी र खनिज सम्पदाको अधिकतम उपयोग ( रिकभरी) हुनेगरी गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा सकेसम्म उच्च मूल्ययुक्त खनिज पदार्थ उत्पादनमा जोड दिनु पर्छ ।

(३) खनिज कार्य गर्ने व्यक्तिले खनिज कार्य गर्दा सो कार्यबाट निस्किने अन्य पदार्थलाई सकेसम्म बढी उपयोग गरी बिकारयुक्त (वेष्ट) लाई न्यूनतम गर्नु पर्नेछ ।

---

❖ चौथो संशोधनद्वारा थप ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

३२. वातावरणमा उल्लेखित (सिग्निफिकेन्ट) प्रतिकूल असर परेको मानिने : ऐनको दफा ११क. को प्रयोजनको लागि खनिज कार्य गर्ने व्यक्तिले कुनै खनिज कार्य गर्दा वातावरणमा पार्न सक्ने देहायका असरलाई वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकुल असर पारेको मानिनेछ :-

(क) खानी तथा आधारभूत संरचानाको विकास गर्दा भू-उपयोग तथा भू-सतहमा विचलन ल्याउन सक्ने ।

(ख) वन विकास तथा वन्य जन्तु लोप हुन सक्ने ।

(ग) खानीबाट बग्ने पानी तथा धाउ प्रशोधन गर्दा निस्कने झोल विकारहरुले पानी प्रदूषित हुन सक्ने ।

(घ) धुवाँ धुलोले हावा प्रदूषित हुन सक्ने ।

(ङ) ड्रिलिङ्ग, ब्लाष्टिङ्ग तथा ठूला मेसिनहरुको प्रयोगले ध्वनी प्रदूषण तथा कम्पन हुन सक्ने ।

(च) ओभर बर्डेन टेलिङ्ग आदिले ठोस विकारको समस्या पैदा हुन सक्ने ।

(छ) भू-क्षय, पैरो, भिरालो जमिन बग्ने, माटो बगाउने तथा बाटो बन्द हुने जस्ता समस्या पैदा हुन सक्ने ।

(ज) जल प्रवाहमा परिवर्तन तथा पानीको उपयोगमा असुविधा हुन सक्ने ।

(झ) सांस्कृतिक, पुरातात्विक स्थल तथा वनस्पति उद्यानहरुमा क्षति पुग्न सक्ने ।

३३. वातावरण संरक्षणका सम्बन्धमा बचाउका उपायहरु अपनाउनु पर्ने : खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा देहाय बमोजिमका बचाउका उपायहरु अपनाउनु पर्नेछ :-

(क) खनिज क्षेत्र वरिपरि सतही तथा भूमिगत जलस्रोतमा कम प्रभाव पर्ने गरी कार्य गर्ने ।

(ख) फोहोर थिग्ग्राउने, पोखरी तथा पानी बग्ने उपयुक्त नालीको व्यवस्था गर्ने ।

(ग) आवश्यकतानुसार एफ्ल्युएण्ट ट्रिटमेण्टको उपाय प्रयोग गर्ने ।

(घ) विषालु ग्याँस वा अत्यधिक धुलो निस्कने खानीहरुमा प्रदूषण उत्पन्न हुने स्रोतमा सकेसम्म प्रदूषण न्यूनतम गर्ने उपाय अवलम्बन गर्ने ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(ड) विषालु ग्याँस वा अत्याधिक धुलो निस्कने खानीहरुमा काम गर्ने कामदारहरुलाई ग्याँस फिल्टर वा डष्ट मास्क प्रयोग गर्न लगाउने ।

(च) खनिज कार्य गर्दा सकेसम्म कम मात्रामा ध्वनी उत्पन्न हुने विष्फोटक पदार्थ वा यन्त्र उपकरण प्रयोग गर्ने ।

(छ) विष्फोटक पदार्थको बैकल्पिक व्यवस्थाको रुपमा पाईने आवाज नआउने साधन प्रयोग गर्ने ।

(ज) खनिज कार्य गर्दा निस्कने अनावश्यक पदार्थ (वेष्ट) उपयुक्त ठाउँमा जम्मा गरी सो वरिपरि पर्खाल वा अन्य तरिकाबाट घेरी बोटबिरुवा लगाउने ।

(झ) खनिज कार्य गर्दा सतही माटो (टप सोयल) निकाल्नु पर्ने भएमा सो माटो अलग्गै ठाउँमा जम्मा गरी सुव्यवस्थित गर्ने ।

(ञ) उत्खनन् कार्य समाप्त भएपछि सो ठाउँमा सतही माटो मिलाएर बोटबिरुवा लगाउने ।

(ट) खतरापूर्ण पदार्थ प्रयोग हुने वा खनिज पदार्थ उत्पादन गर्दा खतरापूर्ण अवस्था सृजना हुने खानीहरुमा आवश्यक सुरक्षात्मक उपाय अवलम्बन गर्ने ।

(ठ) खनिज कार्य गर्दा बन बनस्पति तथा जीवजन्तुमा सकेसम्म न्यून असर पर्ने गरी कार्य गर्ने ।

(ड) खनिज कार्य गर्दा प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदामा सकेसम्म न्यून असर पर्ने गरी कार्य गर्ने ।

## परिच्छेद - ७

## साधारण निर्माणमुखी खनिज पदार्थ सम्बन्धी विशेष व्यवस्था

३४. साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने : (१) ऐनको दफा १२ को उपदफा (४) बमोजिम सर्वसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, ढुंगा र बालुवा जस्ता साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्य गर्न चाहने व्यक्तिले सोको अनुमतिपत्रको लागि अनुसुची-१२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला विकास समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि उक्त निवेदन जिल्ला विकास समितिले निवेदकको माग बमोजिम साधारण निर्माणमुखी खनिज

पदार्थको खनिज कार्य गर्न अनुमतिपत्रि दिने वा निदने भन्ने सम्बन्धमा जाँचबुझ गरी सिफारिश गर्न नियम ३५ बमोजिमको समिति समक्ष पठाउनेछ ।

❐(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभागले खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाण समेत यकीन भइसकेको साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्य गर्न विभागले अनुमतिपत्र दिन सक्नेछ ।

❐(४) उपनियम (३) बमोजिम अनुमतिपत्र दिने प्रयोजनको लागि विभागले आवश्यक विवरण सहित कम्तीमा [α]तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

❐(५) उपनियम (४) बमोजिम परेका प्रस्तावहरुको नियम २६, २७, २८ र २९ बमोजिमको प्रक्रिया पूरा गरी छनौट भएका प्रस्तावकलाई विभागले अनुमतिपत्र दिन सक्नेछ ।

❐(६) ⌘....................

३५. खानी विकास समितिको गठन : (१) साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्य गर्न अनुमति दिने सम्बन्धमा सिफारिश गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक खानी विकास समितिको गठन हुनेछ :

| | | |
|---|---|---|
| (क) | स्थानीय विकास अधिकारी | - संयोजक |
| (ख) | प्रतिनिधि, जिल्ला विकास समिति | - सदस्य |
| (ग) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (घ) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला वन कार्यालय | - सदस्य |
| (ङ) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला सडक कार्यालय | - सदस्य |
| (च) | प्रतिनिधि (अधिकृतस्तर), जिल्ला भू-संरक्षण कार्यालय | - सदस्य |
| (छ) | प्रतिनिधि (अधिकृतस्तर), आवास तथा शहरी विकास कार्यालय | - सदस्य |

---

❐ दोस्रो संशोधनद्वारा थप ।
α चौथो संशोधनद्वारा संशोधित ।
⌘ चौथो संशोधनद्वारा झिकिएको ।

(ज) जिल्ला नापी शाखाको प्रमुख वा निजले तोकेको सर्भेयर - सदस्य

*(झ) काठमाडौं उपत्यकाका जिल्लाहरुको हकमा खानी तथा भूगर्भ विभागको अधिकृतस्तरको प्रतिनिधि र अन्य जिल्लाहरुको हकमा घरेलु तथा साना उद्योग कार्यालयको अधिकृत स्तरको प्रतिनिधि र सो कार्यालय नभएको जिल्लाको हकमा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयको अधिकृत स्तरको प्रतिनिधि - सदस्य

📖(ञ) योजना तथा प्रशासकीय अधिकृत, जिल्ला विकास समिति - सदस्य-सचिव

(२) समितिले बैठक सम्बन्धी आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

३६. सहमति लिनु पर्ने : (१) नियम ३४ को उपनियम (२) बमोजिम समिति समक्ष प्राप्त भएको निवेदन उपर समितिले आवश्यक जाँचबुझ गरी निवेदनको माग बमोजिम साधारण निर्माणमुखी खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्र दिन मनासिब देखेमा सोही कुराको सिफारिश जिल्ला विकास समितिलाई गर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिबाट सिफारिश प्राप्त भएपछि जिल्ला विकास समितिले निवेदकलाई खनिज कार्य गर्न अनुमतिपत्र दिनु पूर्व खानी संचालन गर्न खोजेको खानी क्षेत्रको विवरण, खानी उत्खनन् पद्धती, क्षेत्रफल र खनिज पदार्थको नाम समेतको विवरण उल्लेख गरी निवेदकको माग बमोजिम अनुमतिपत्र दिने नदिने सम्बन्धमा विभागले सहमतिको लागि लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सहमतिको लागि लेखिआएको छ महिना भित्र विभागले त्यसरी सहमति माग भएको विषयमा कुन तरिकाबाट, कसरी, कुन कुन सर्त बन्देजहरुको अधिनमा रहि अनुमतिपत्र दिने हो ▶सो लगायत खानीको स्तर र अवधि समेत खुलाई सहमति दिने सम्बन्धमा निर्णय गरी सक्नु पर्नेछ ।

तर विभागले खानी सञ्चालन गर्न अनुमतिपत्र नदिने गरी निर्णय गरेमा अनुमतिपत्र प्रदान गरिने छैन ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
📖 पहिलो संशोधनद्वारा थप ।
▶ तेस्रो संशोधनद्वारा संशोधित ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि खानी संचालन गर्न दिन सिफारिश गरेको क्षेत्र वन क्षेत्रभित्र पर्नेरहेछ भने जिल्ला विकास समितिले विभागको सहमति लिनु पूर्व वन तथा भू-संरक्षण मन्त्रालयको समेत सहमति लिनु पर्नेछ ।

३७. साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र दिने : (१) नियम ३६ बमोजिम सहमति प्राप्त भएमा जिल्ला विकास समितिले अनुसूची-१३ बमोजिमको ढाँचामा अनुसूची-४ बमोजिमको दस्तुर लिई निवेदकलाई साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र दिनेछ ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र दिए वापत जिल्ला विकास समितिले आफूले प्राप्त गरेको आम्दानीको बीस प्रतिशत रकम विभागको राजश्व खातामा जम्मा गरी सो भौचर सहितको जानकारी विभागमा पठाउनु पर्दछ ।

(३) साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित जिल्ला विकास समितिबाट आफूले प्राप्त गरेको अनुमतिपत्र नियम ४२ बमोजिम नवीकरण गराउनु पर्नेछ ।

तर सम्बन्धित जिल्ला विकास समितिले मनासिव माफिक कारण विना नवीकरण गरी नदिएमा सम्बन्धित व्यक्तिले विभाग समक्ष निवेदन दिन सक्नेछ र यसमा विभागले आवश्यक जाँचबुझ गरी नवीकरण गर्न सक्नेछ ।

३८. अनुगमन गर्ने : (१) जिल्ला विकास समितिले साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र प्राप्त व्यक्तिबाट खनिज कार्य गर्दा ऐन र यस नियमावली तथा अन्य प्रचलित कानूनको पालना भए वा नभएको सम्बन्धमा अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा जिल्ला विकास समितिले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक निर्देशन दिन, खनिज कार्य रोक्का राख्न र साधारण निर्माणमुखी खनिज कार्यको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला विकास समितिले खनिज कार्य रोक्का गर्दा वा साधारण निर्माणमुखी खनिज कार्यको अनुमतिपत्र खारेज गर्दा समिति र विभागको सिफारिश लिनु पर्नेछ ।

(३) विभागले अनुमतिपत्र दिने सम्बन्धमा सहमति प्रदान गर्दा उल्लेख गरेका शर्त बन्देजहरु अनुरुप खनिजकार्य गरेको नपाइएमा सम्बन्धित जिल्ला विकास समितिलाई त्यस्तो खनिजकार्य रोक्का राख्न वा अनुमतिपत्र खारेज गर्न आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

परिच्छेद - ८

केन्द्रको स्थापना र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

३९. खनिज पदार्थ विकास केन्द्रको स्थापना : खानी तथा खनिज पदार्थको स्रोतहरुको विकास गर्ने एवं खनिज कार्यमा सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रम संचालन गर्न नेपाल सरकारले एक खनिज पदार्थ विकास केन्द्रको स्थापना गर्न सक्नेछ ।

४०. केन्द्रको काम, कर्तव्य र अधिकार : केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय खनिज नीतिको तर्जुमा गर्ने ।

(ख) खनिज पदार्थको संरक्षण, सम्बर्द्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु तयार गरी लागू गर्ने, गराउने ।

(ग) खनिज उद्योगमा आईपरेका समस्याहरुको निराकरण गर्न आवश्यक कार्य गर्ने ।

(घ) खनिज पदार्थ सम्बन्धी अन्य प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने, गराउने ।

(ङ) अन्य आवश्यक कार्यहरु गर्ने ।

४१. केन्द्रले विशेष समिति गठन गर्न सक्ने : (१) केन्द्रले खनिज पदार्थको विकास एवं प्रवर्द्धनसँग सम्बन्धित कुनै निश्चित कार्य संचालन गर्न आवश्यकता अनुसार विशेष समिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने विशेष समितिको काम, कर्तव्य तथा अधिकार र कार्यविधि केन्द्रले तोकिदिए बमोजिम हुनेछ ।

परिच्छेद - ९

विविध

४२. अनुमतिपत्रको नवीकरण : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र खनिज कार्य गर्नको लागि आफूले प्राप्त गरेको अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

✱(२) उपनियम (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउन साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्रको लागि सम्बन्धित जिल्ला विकास समिति समक्ष र अन्य अनुमतिपत्रको नवीकरणको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपनियम (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा विभागले र *साधारण निर्माणमुखी खनिज पदार्थको हकमा सम्बन्धित जिल्ला विकास समितिले आवश्यक जाँचबुझ गरी अनुसूची-४ बमोजिमको नवीकरण दस्तुर लिई निवेदकको माग बमोजिम अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ ।

⏭(४) ......................

४३. अनुमतिपत्र रद्द हुने व्यवस्था : अनुमतिपत्र देहायको अवस्थामा रद्द हुनेछ :-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र परित्याग गर्न निवेदन दिएमा ।

(ख) नियम ७ वा नियम १५ बमोजिम दिइएको अनुमतिपत्र निवेदक आँफैले वा निजको प्रतिनिधिले तीस दिनभित्र बुझि नलिएमा ।

(ग) नियम ४२ बमोजिम नवीकरण नगराएमा ।

(घ) सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने कार्य गरेमा ।

🕮(घ१) यस नियमावली बमोजिम तोकिएको रोयल्टी, शुल्क, दस्तुर, भूबहाल आदि यस नियमावलीमा तोकिएको समय भित्र तोकिएको निकायमा नबुझाएमा ।

🕮(घ२) यस नियमावली बमोजिम विभागमा पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सूचना आदि यस नियमावलीमा तोकिएको समयभित्र पेश नगरेमा ।

(ङ) यस नियमावली बमोजिम तोकिएको शर्तहरुको पालना नगरेमा ।

■(च) अनुमतिपत्रको अवधि समाप्त भएमा।

४४. अन्य खनिज पदार्थ पत्ता लागेमा पुन: अनुमतिपत्र लिनु पर्ने : (१) खोजतलास कार्य वा उत्खनन् कार्यको अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अनुमतिपत्रमा उल्लेखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा सोको जानकारी तीस दिन भित्र विभागलाई दिनु पर्नेछ र निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न प्राथमिकताको आधारमा अनुमतिपत्र दिईनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।
⏭ पहिलो संशोधनद्वारा झिकिएको ।
🕮 पहिलो संशोधनद्वारा थप ।
■ तेस्रो संशोधनद्वारा थप ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लगाउने अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न चाहेमा विभागलाई जानकारी दिएको मितिले तीस दिन भित्र आवश्यकता अनुसार नियम ६, ७, १४ र १५ बमोजिम प्रक्रिया पूरा गरी खोजतलास कार्य वा उत्खनन् कार्य गर्ने अनुमतिपत्र लिनु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिलाई देहायका अवस्थामा त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्ने अनुमतिपत्र दिईने छैन:-

(क) खनिज पदार्थ पत्ता लागेको तीस दिन भित्र जानकारी नदिएमा ।

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्न असमर्थता देखाएमा ।

(४) उपनियम (१) बमोजिम प्राथमिकता प्रप्त व्यक्तिले खनिज कार्य गर्न अनुमतिपत्र नलिएमा विभागले अन्य कुनै व्यक्तिलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न अनुमतिपत्र दिन सक्नेछ ।

४५. विवरण, सूचना तथा प्रतिवेदन : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची-६ बमोजिमको ढाँचामा खोजतलास कार्यको प्रगति विवरण प्रत्येक पाँच पाँच महिनामा विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची-९ बमोजिमको ढाँचामा खनिज पदार्थको वार्षिक उत्पादन प्रगति विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले देहाय बमोजिमको विवरण वा प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र विभाग समक्ष पेश गर्नुपर्नेछ :-

(क) खनिज संचिति तथा खनिज सम्पदा सम्बन्धी विवरण ।

(ख) खनिज उत्पादन र बिक्री वितरण सम्बन्धी विवरण ।

(ग) मेशिनरी तथा यन्त्र उपकरण सम्बन्धी विवरण ।

(घ) कर्मचारी तथा कामदार सम्बन्धी विवरण ।

(ङ) विभिन्न खनिज कार्यको लागत, आम्दानी खर्च सम्बन्धी विवरण ।

(च) अन्य आवश्यक विवरण र प्रतिवेदन ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्यको सिलसिलामा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी भएमा वा हुन सक्ने देखेमा सोको बचावटको आवश्यक व्यवस्था गरी छिटो साधानद्वारा सोको सम्पूर्ण विवरण सहितको सूचना विभाग समक्ष दिनु पर्नेछ ।

४६. भू-वहाल बुझाउनु पर्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्न अनुमतिपत्रमा उल्लिखित खनिज क्षेत्रको जग्गा नेपाल सरकारको भए निजले नेपाल सरकारलाई अनुसूची-१४ मा तोकिए बमोजिमको भू-बहाल बुझाउनु पर्नेछ ।

*(२) उत्खनन् कार्यको लागि अनुमतिपत्र लिन चाहने व्यक्तिले अनुमतिपत्रको लागि निवेदन दिंदा आफूले माग गरेको क्षेत्र मध्ये उत्खनन् कार्यको प्रस्तावित योजनामा उल्लिखित क्षेत्रको जग्गा निजी स्वामित्वको भए सो जग्गा भू-बहालमा लिन र दिनको लागि भू-बहालको रकम समेत उल्लेख गरी निज निवेदक र जग्गाधनि बीच भएको लिखित सम्झौता साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्रको लागि जिल्ला विकास समिति समक्ष र अन्य खनिज पदार्थको अनुमतिपत्रको लागि विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम भएको सम्झौतामा उल्लिखित रकम अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित जग्गा धनिलाई भू-वहाल बापत बुझाउनु पर्नेछ ।

४७. अन्य खनिज पदार्थ वा उप-उत्पादनको बिक्री : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज पदार्थ उत्खनन् कार्य गर्दा फेला पारेको अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थ बाहेकका अन्य खनिज पदार्थ वा उप-उत्पादन बिक्री गर्नु पर्ने भएमा विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विभागको स्वीकृति लिई अन्य खनिज पदार्थ वा उप-उत्पादन बिक्री गर्दा नियम २१ बमोजिम तोकिएको रोयल्टी जम्मा गर्नु पर्नेछ ।

४८. खनिज पदार्थको निकासीमा बन्देज : (१) नेपाल सरकारले राष्ट्रिय सुरक्षा वा आन्तरिक माग आपूर्ति गर्नको लागि कुनै खनिज पदार्थ विदेशमा निकासी गर्न नपाउने गरी आदेश जारी गरी आवश्यक बन्देज लगाउन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले उत्खनन् गरेको खनिज पदार्थ विभागको पूर्व स्वीकृति लिई विदेशमा निकासी गर्न पाउनेछ :-

(क) खनिज पदार्थको गुणस्तर यकीन गर्न वा विश्लेषण गर्न,

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(ख) खनिज पदार्थको बजार अध्ययनको लागि नमूना पठाउन,

४९. विभागले स्वीकृति दिन सक्ने : कुनै व्यक्तिले नेपालको भौगोलिक सर्भेक्षण तथा खनिज अन्वेषणको सिलसिलामा जम्मा गरेको ढुङ्गा, माटो, बालुवा, चट्टान, जीव अवशेषहरु (फासिल्स) प्रयोगशाला विश्लेषण तथा अन्वेषण कार्यको लागि विदेशमा निकासी गर्न विभागले स्वीकृति दिन सक्नेछ । 📖यसरी विभागले स्वीकृति दिंदा अनुसूची-४ को खण्ड (ग) बमोजिम निकासीको लागि तोकिएको दस्तुर लिनेछ ।

५०. निरीक्षण तथा जाँचबुझ सम्बन्धी कार्यविधि : (१) कुनै खानीको स्थिति वा खानी सम्बन्धी प्रचलित ऐन, नियम तथा विभागको आदेश निर्देशन बमोजिम खनिज कार्य भए गरेको छ, छैन भन्ने जाँचबुझ गर्नका लागि विभागले कुनै माइनिङ्ग इन्जिनियर वा जियोलिष्ट वा सम्बन्धित विषयको विशेषज्ञलाई खानी निरीक्षकको रुपमा खानी निरीक्षण गर्न तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खानी निरीक्षण गर्न तोकिएको खानी निरीक्षकले प्रचलित ऐन, नियमको अधिनमा रही देहाय बमोजिमको अधिकार प्रयोग गर्नेछ :-

(क) जुनसुकै खानी क्षेत्रमा एक्लै वा आवश्यकता अनुसार सरकारी कर्मचारी वा स्थानीय निकायका प्रतिनिधिहरु वा प्रहरी कर्मचारी साथ लिई प्रवेश गर्ने ।

(ख) खानी क्षेत्रमा रहेको प्लाण्ट, मेशिनहरु आदिका सम्बन्धमा जाँचबुझ गर्न वा खानी क्षेत्रबाट उत्पादन गरेको जुनसुकै अवस्थाका खनिज पदार्थ वा अन्य वस्तुहरुको नमूना लिने कब्जामा राख्ने वा कुनै खनिज पदार्थहरु ओसार पसार, बेचबिखन गर्न नपाउने गरी रोक्का राख्ने ।

(ग) खानीसँग सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिका साथ भएको वा निजको अधिकारमा रहेको खानी सम्बन्धी कागजात, रजिष्टर, बहिखाता, लगत वा अरु आवश्यक देखेका लिखतहरु पेश गर्न लगाउने वा कब्जामा लिने वा अन्यत्र लैजान नपाउने गरी सिलबन्दी गरी रोक्का राख्ने ।

(घ) खानी निरीक्षकले जाँचबुझ गर्न चाहेको खानीसँग सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति, कर्मचारी वा कामदारसँग आवश्यक कुरा सोधपुछ गर्न वा बयान लिने ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

(३) उपनियम (२) को खण्ड (ख) वा (ग) बमोजिमको कुनै खनिज पदार्थ वा अन्य वस्तु कब्जामा लिएमा वा रोक्का राखेमा सोको जानकारी निजलाई दिई खानी निरीक्षकले विभागमा यथाशिघ्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम खानी निरीक्षकले पेश गरेको प्रतिवेदन उपर विभागले जाँचबुझ गरी निर्णय गर्न र सो सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ ।

५१. खनिज क्षेत्रको सर्भेक्षण र नक्सा : खनिज कार्य गर्दा खनिज पदार्थको प्रकृति, भौगर्भिक स्थिति, उत्खनन् प्रविधि आदिको आधारमा खानी क्षेत्रको भौगर्भिक, टोपोग्राफिक, माइनिङ्ग आदिको सर्भेक्षण र नक्सा विभागले तोक्नेछ ।

५२. मध्यस्थता सम्बन्धी प्रक्रिया : ऐनको दफा २६ बमोजिम नेपाल सरकार र अनुमतिपत्र प्राप्त व्यक्ति बीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीच भएको सम्झौतामा तोकिएकोमा सोही बमोजिम र सम्झौतामा नतोकिएकोमा मध्यस्थता सम्बन्धी प्रचलित कानून बमोजिम मध्यस्थताद्वारा समाधान गरिनेछ ।

५३. कार्यविधि तथा प्रक्रिया : अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि तथा प्रक्रिया कामको प्रकृति अनुसार विभागले अनुमतिपत्रमा नै तोकिदिए बमोजिम हुनेछ ।

📖५३क. अनुमतिपत्रको नामसारी : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले विभागको पूर्व स्वीकृति नलिई आफूले प्राप्त गरेको अनुमतिपत्र अन्य कसैको नाममा नामसारी गरी दिन सक्ने छैन ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको अनुमतिपत्र अरु कसैको नाममा नामसारी गर्न चाहेमा त्यसरी नामसारी गरी लिन चाहने व्यक्ति नियम ५ बमोजिमको योग्यता भएको प्रमाणसहित विभाग समक्ष नामसारीको लागि निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा विभागले त्यसरी नामसारी गरी लिन चाहने व्यक्तिको योग्यता नियम ५ बमोजिम भए नभएको आवश्यक जाँचबुझ गरी निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र नामसारी गर्ने नगर्ने विषयमा निर्णय गरी सक्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम नामसारी गरी लिन चाहने व्यक्ति नियम ५ बमोजिम योग्य भै खनिज कार्य गर्न अनुमतिपत्र दिन विभागले उपयुक्त देखेमा

---

📖 पहिलो संशोधनद्वारा थप ।



कानून तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-४ बमोजिमको दस्तुर लिई निजका नाममा अनुमतिपत्र नामसारी गरी दिन सक्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमतिपत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएका शर्त वा ऐन वा यस नियमावलीको पालना गर्न असमर्थ भै निजका हकवालाले निजको हक सकार गर्न आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने कुराको प्रमाणसमेत संलग्न राखी विभाग समक्ष निवेदन गरेमा विभागले आवश्यक जाँचबुझ गर्दा निज हकवाला नियम ५ बमोजिम योग्यता भएको देखिएमा अनुसूची-४ बमोजिमको नामसारी दस्तुर लिई निजको नाममा अनुमतिपत्र नामसारी गरी दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम अनुमतिपत्रको नामसारी गर्ने सन्दर्भमा विभागले जाँचबुझ गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिको हकवाला सम्बन्धमा कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको किनारा नभएसम्म त्यस्तो अनुमतिपत्र कसैको नाममा नामसारी हुन सक्ने छैन ।

📖५३ख. धरौटी राख्नु पर्ने : यस नियमावली बमोजिम खनिज कार्य गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अनुसूची-४ बमोजिमको धरौटी राख्नु पर्नेछ ।

५४. खनिज कार्यको हिसाब किताब : अनुमतिपत्र प्राप्त व्यक्तिले राख्नु पर्ने खनिज पदार्थको हिसाब किताब विभागले तोकिदिए बमोजिम हुनेछ ।

५५. अनुसूचीमा हेरफेर तथा थप घट गर्न सक्ने : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

५६. खारेजी र बचाउ : (१) देहायका नियमहरु खारेज गरिएका छन् :-

(क) खनिज (संशोधन र एकीकरण) नियमहरु, २०२८ ।

(ख) ग्याँस तेल (ठेक) नियम, २०१५ ।

(ग) ग्याँस (संरक्षण) नियम २०१७ ।

(२) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि खनिज (संशोधन र एकीकरण) नियमहरु, २०१८, ग्याँस तेल (ठेक) नियम, २०१५, ग्याँस (संरक्षण) नियम २०१७ अन्तर्गत भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

📖 पहिलो संशोधनद्वारा थप ।

द्रष्टव्य : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:
"श्री ५को सरकार" को सट्टा "नेपाल सरकार" ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## *अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

खनिज पदार्थको वर्ग

१. खनिज पदार्थको प्रकृतिको आधारमा गरिएको वर्गीकरणभित्र देहायका खनिज पदार्थहरु रहनेछन् :-

(क) धातु खनिज : धातु खनिजको वर्गहरु भित्र देहायका खनिज पदार्थहरु रहनेछन् :-

१. सुन २. युरेनियम ३. ल्पाटिनम ४. थोरियम ५. जस्ता ६. चाँदी ७. सिसा ८. तामा ९. निकल १०. कोवाल्ट ११. टिन १२. टगस्टन १३. मलिडेनम १४. वेरिलियम १५. नायोवियम १६. टान्टालम १७. कोमियम १८. भ्यानाडियम १९. विस्मुथ २०. टिटानियम २१. अलुमिनियम २२. फलाम २३. अधातु खनिज पदार्थ वर्ग भित्र नपर्ने खनिज पदार्थहरु ।

(ख) अधातु खनिज : अधातु खनिजको वर्गहरु भित्र देहायका खनिज पदार्थहरु रहनेछन् :-

१. हिरा २. रुवी ३. सफायर ४. इमरल्ड ५. कोरण्डम ६. टोपाज ७. टुर्मालिन ८. गार्नेट ९. एकुमेरिन १०. काइनाइट ११. वेरिल १२. म्याग्नेसाइट १३. खरी १४. प्राकृतिक (बायोजेनिक) ग्याँस १५. चुनढुंगा १६. फोस्फेट धाउ १७. क्रिष्टल क्वार्ज १८. फेल्डस्पार १९. क्यालसाइट २०. डोलोमाइट २१. शालिग्राम तथा अन्य फोसिलहरु २२. ग्रेफाइट २३. जिप्सम २४. नुन २५. गेरु २६. औद्योगिक माटो २७. साधारण माटो २८. फायर क्ले २९. सिलिका बालुवा ३०. केओलिन ३१. अभ्रख ३२. पत्थर कोइला ३३. मट्टी कोइला ३४. मार्बल ३५. ग्रेनाइट ३६. साइनाइट ३७. एम्फिबोलाइट ३८. क्वार्जाइट ३९. साधारण निर्माण ढुंगा, बालुवा, गिट्टी तथा स्लेट ४०. डेकोरेटिभ ढुंगा ।

२. खनिज पदार्थको महत्वको आधारमा गरिएको वर्गीकरणभित्र देहायका खनिज पदार्थहरु रहनेछन् :-

▶(क) अति महत्वपूर्ण खनिज:

---

✱ पहिलो संशोधनद्वारा संशोधित ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

कानून तथा न्याय मन्त्रालय

१. सुन २. सामरिक महत्वको खास खनिज (रियर अर्थ र रेडियोधर्मी खनिजः युरेनियम, प्लाटिनियम, थोरियम) ३. अर्ध किमत्ती तथा किमत्ती पत्थर (हिरा, रुवी, सफायर, इमरल्ड, कोरण्डम) ।

▶(ख) महत्वपूर्ण तथा बहुमूल्य खनिज :

१. जस्ता २. चाँदी ३. सिसा ४. तामा ५. निकल ६. कोवाल्ट ७. टिन ८. टंगस्टन ९. मलिडेनम १०. बेरिलियम ११. नायोबियम १२. टान्टालम १३. क्रोमियम १४. भ्यानाडियम १५. विस्मुथ १६. टिटानियम १७. अर्ध किमत्ती तथा किमत्ती पत्थर (टोपाज, टुर्मालिन, गार्नेट, एकुमेरिन, काइनाईट, वेरिल, क्रिष्टल क्वार्ज) १८. म्याग्नेसाईट १९. खरी २०. प्राकृतिक (बायोजेनिक) ग्याँस २१. चुनढुङ्गा २२. फोस्फेट धाउ २३. फेल्डस्पार २४. क्यालसाइट २५. डोलोमाइट २६. शालिग्राम तथा अन्य फोसिलहरु २७. ग्रेफाइट २८. जिप्सम २९. आल्मुनियम ३०. फलाम ३१. पोलिमेटल ।

(ग) सामान्य खनिज :

१. ➔.......... २. ➔............ ३. ४. नुन ५. गेरु ६. औद्योगिक माटो ७. साधारण माटो ८. फायर क्ले ९. सिलिका बालुवा १०. केओलिन ११. अभ्रख १२. पत्थर कोइला १३. मट्टी कोइला १४. मार्बल १५. ग्रेनाइट १६. साइनाइट १७. एम्फिबोलाइट १८. क्वार्जाइट १९. साधारण निर्माण ढुंगा, बालुवा, गिट्टी तथा स्लेट २०. डेकोरेटिभ ढुंगा २१. अति महत्वपूर्ण खनिज र महत्वपूर्ण तथा बहुमुल्य खनिज भित्र परेका खनिज पदार्थ बाहेकका अन्य खनिज पदार्थहरु ।

द्रष्टव्य : यस अनुसूची भित्र नपरेका खनिज पदार्थहरुको वर्ग विभागले तोकिदिए बमोजिम हुनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।
➔ तेस्रो संशोधनद्वारा झिकिएको ।

## *अनुसूची-२

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**खनिज पदार्थ सम्बन्धी खनिज कार्यको स्तर**

(क) **धातु खनिज पदार्थ सम्बन्धी खनिज कार्यको स्तर** : धातु खनिज पदार्थ सम्बन्धी खनिज कार्यको स्तर देहाय बमोजिम हुनेछ :-

| उत्खनन् तरिका | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूलो स्तर |
|---|---|---|---|---|
| (क) भूमिगत उत्खनन् | १० टनसम्म | १०० टनसम्म | ५०० टनसम्म | ५०० टनभन्दा बढी |
| (ख) सतही उत्खनन् | २५ टनसम्म | २५० टनसम्म | १००० टनसम्म | १००० टनभन्दा बढी |

(ख) **अधातु खनिज पदार्थ सम्बन्धी खनिज कार्यको स्तर** : अधातु खनिज पदार्थ सम्बन्धी खनिज कार्यको देहायस्तर बमोजिम हुनेछ :-

| खनिज पदार्थ | अति साना स्तर | साना स्तर | मझौला स्तर | ठूलो स्तर |
|---|---|---|---|---|
| १. डेकोरेटिभ ढुंगा | ३ घ.मि. सम्म | १५ घ.मि. सम्म | ६० घ.मि. सम्म | ६० घ.मि. भन्दा बढी |
| २. माटो | २५ घ.मि. सम्म | १०० घ.मि. सम्म | ४०० घ.मि. सम्म | ४०० घ.मि. भन्दा बढी |
| ३. साधारण निर्माण ढुंगा | | | | |
| ३.१ ढुंगा | २५ घ.मि. सम्म | १५० घ.मि. सम्म | ५०० घ.मि. सम्म | ५०० घ.मि. भन्दा बढी |
| ३.२ पत्रे ढुंगा | ५० घ.मि. सम्म | ६०० घ.मि. सम्म | २४०० घ.मि. सम्म | २४०० घ.मि.भन्दा बढी |
| ३.३ रोडा | २० घ.मि. सम्म | १०० घ.मि. सम्म | ४०० घ.मि. सम्म | ४०० घ.मि. भन्दा बढी |
| ४. बालुवा र ग्राभेल | ५० घ.मि. सम्म | २०० घ.मि. सम्म | ८०० घ.मि. सम्म | ८०० घ.मि भन्दा बढी |
| ५. प्राकृतिक | | | | |
| (वायोजेनिक ग्याँस) | १०० घ.मि.सम्म | १०००० घ.मि.सम्म | ५०००० घ.मि.सम्म | ५०००० घ.मि. भन्दा बढी |
| ६. माथि उल्लिखित बाहेक अन्य अधातु खनिज पदार्थको- | | | | |
| (क) भूमिगत उत्खनन | १० टन सम्म | १०० टन सम्म | ५०० टन सम्म | ५०० टन भन्दा बढी |
| (ख) सतही उत्खनन् | २० टन सम्म | २०० टन सम्म | १००० टन सम्म | १००० टन भन्दा बढी |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

* पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसूची-३

(नियम ६ सँग सम्बन्धित)

### खोज तलास कार्यको अनुमतिपत्रको निवेदन

श्रीमान् महानिर्देशकज्यू,

खानी तथा भूगर्भ विभाग

लैनचौर, काठमाडौं ।

महोदय,

मैले/हामीले खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम देहायको विवरण खोली खोजतलास कार्यको अनुमतिपत्रको लागि निवेदन गरेको छु/छौं ।

१. व्यक्तिको नाम :-

हुलाक ठेगाना :- पेशा :-

टेलिफोन :- फ्याक्स नं. :-

२. संगठित संस्था, फर्म र कम्पनीको,

नाम :-

हुलाक ठेगाना :- टेलेक्स नं. :-

टेलिफोन नम्बर :- फ्याक्स नं. :-

दर्ता भएको निकाय :- दर्ता भएको मिति र नम्बर :-

मुख्य संचालक :-

३. खोज तलास कार्य गर्न चाहेको खनिज पदार्थ :-

४. खोज तलास कार्यको लागि माग गरेको अवधि :-

५. खोजतलास कार्य गर्न माग गरेको क्षेत्रको चौहद्धी विवरण र स्केल नक्सा :-

........................ अञ्चल ......................... जिल्ला ....................... न.पा. र गा.वि.स. स्थान ................................................ टोपो सिट नं. ................... मूल चिन्ह ................................................................... बाट पूर्व ........... मिटर पश्चिम ...................... मिटर उत्तर .................... मिटर ................. दक्षिण .................. मिटर ....................... जम्मा .................... वर्ग कि.मी.



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

६. खोजतलास कार्य गर्न माग गरेको क्षेत्रको भू-उपयोग विवरण :-

(क) गाउँ वस्ति

(ख) वन

(ग) खोला, नाला, पुल, बाटो सार्वजनिक स्थल आदि

(घ) जग्गाको किसिम : आबादी / पर्ति / सरकारी / सार्वजनिक

(ङ) खोज तलास कार्य गर्न माग गरेको क्षेत्र भित्र पहिले खानी खोज तलास वा उत्खनन् कार्य भएको वा भैरहेको छ छैन

(च) खोज तलास कार्य गर्न माग गरेको क्षेत्र नजिक खोज तलास वा खानी क्षेत्र भएमा सोको विवरण

७. प्राविधिकको व्यवस्था :-

(१) आफै भए (क) व्यावसायिक योग्यता र तालिम :-

(ख) अनुभव :-

(२) अन्य भए (क) नाम र ठेगाना :-

(ख) व्यावसायिक योग्यता र तालिम :-

(ग) अनुभव :-

निवेदकको,-

दस्तखत :

नाम :

मिति :

संलग्न कागजातहरु :

१. व्यावसायिक योग्यता र तालिमको प्रमाण

२. अनुभव

३. नागरिकता र कम्पनी फर्म र संस्थाको प्रमाण

४. कार्य योजना

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## ⊃अनुसूचि-४

(नियम ७ को उपनियम (१), नियम ९ को उपनियम (३), नियम १५ को उपनियम (१), नियम १७ को उपनियम (३), नियम ४२ को उपनियम (३), नियम ४९, नियम ५३क. को उपनियम (४) र (५) तथा नियम ५३ख. सँग सम्बन्धित)

### दस्तुर र धरौटी

(क) खोजतलास कार्यको लागि :

| विवरण | अति महत्वपूर्ण खनिज | महत्वपूर्ण तथा बहुमूल्य खनिज | सामान्य खनिज |
|---|---|---|---|
| (१) अनुमतिपत्र दस्तुर | रु. ७५,०००।- | रु. ५०,०००।- | रु. २५,०००।- |
| (२) नवीकरण दस्तुर | रु. ३७,५००।- | रु. २५,०००।- | रु. १२,५००।- |
| (३) अवधि थप दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| (४) नामसारी दस्तुर | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| (५) धरौटी | रु. १,५०,०००।- | रु. १,००,०००।- | रु. ५०,०००।- |
| (६) प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु. १,०००।- | रु. १,०००।- | रु. १,०००।- |

(ख) उत्खनन् कार्यको लागि :

| विवरण | अति सानास्तर | सानास्तर | मझौलास्तर | ठूलास्तर |
|---|---|---|---|---|
| (१) अनुमतिपत्र दस्तुर | रु. ५०,०००।- | रु. १,००,०००।- | रु. १,५०,०००।- | रु. २,००,०००।- |
| (२) नवीकरण दस्तुर | रु. २५,०००।- | रु. ५०,०००।- | रु. ७५,०००।- | रु. १,००,०००।- |
| (३) अवधि थप दस्तुर | रु. १,००,०००।- | रु. २,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |
| (४) नामसारी दस्तुर | रु. १,००,०००।- | रु. २,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |
| (५) धरौटी | रु. १,००,०००।- | रु. २,००,०००।- | रु. ३,००,०००।- | रु. ४,००,०००।- |

⊃ मिति २०७२।५।१४ को नेपाल राजपत्रमा प्रकमाशन सूचनाद्वारा हेरफेर ।

| | | | | |
|---|---|---|---|---|
| (६) प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु. २,५००।- | रु. २,५००।- | रु. २,५००।- | रु. २,५००।- |

(ग) निकासीको लागि :

निकासी सिफारिस दस्तुर रु. ५,०००।- तथा अनुसूची-१० मा तोकिए अनुसार खनिजको रोयल्टी ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-५

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग मन्त्रालय

खानी तथा भूगर्भ विभाग

<u>खोज तलास कार्यको अनुमतिपत्र</u>

अनुमतिपत्र नं. :

मिति :

...................... अञ्चल ..................... जिल्ला .................... न.पा./गा.वि.स. वडा नं. ........... बस्ने श्री ...................................................... लाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम प्रत्येक वर्ष नवीकरण गराउने गरी निम्न लिखित क्षेत्र भित्र मिति ................. देखि ............... सम्म ................. खोज तलास कार्य गर्न यो खोज तलास कार्यको अनुमतिपत्र प्रदान गरिएको छ ।

खोज तलास कार्य गर्ने क्षेत्रको विवरण

......................... अञ्चल ......................... जिल्ला ........................ न.पा./ गा.वि.स. स्थान ................................................ टोपो सिट नं. ................... मूल चिन्ह ................................................................. बाट पूर्व ............. मिटर पश्चिम ..................... मिटर उत्तर .................. मिटर दक्षिण ................ मिटर जम्मा .......................... वर्ग कि.मी.

| | |
|---|---|
| शाखा प्रमुखको,- | *<u>महानिर्देशक</u>को,- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

* पहिलो संशोधनद्वारा संशोधित ।

**नवीकरण**

| क्र.सं. | मिति | नवीकरण आ.व. | दस्तुर बुझाएको | | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रसिद नं. | मिति | शाखा प्रमुख | महानिर्देशक | |
| | | | | | | | |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-६

(*नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

### खोजतलास कार्यको प्रगति विवरण

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम तथा ठेगाना :- ......................................... ........................... अनुमतिपत्र नम्बर ...................... खनिज पदार्थको नाम ..................................... प्रगति विवरण अवधि मिति .......................... देखि ................................ सम्म ।

२. खोजतलास कार्यको क्षेत्र रहेको जिल्ला :- .............. न.पा./गा.वि.स. ............ वडा नं. .......... स्थान ................................... ।

३. अन्वेषण क्षेत्रफल :- ................................................. ।

४. भौगर्भिक नक्सा :- .............................. क्षेत्रफल ............................... स्केल ................... ।

५. भू-रासायनिक (Geo-Chemical) अन्वेषण :-

| | | |
|---|---|---|
| १. स्ट्रिम सेडिमेण्ट स्याम्पलिङ्ग (Stream Sediment Sampling) | तरिका (Method) | संख्या (No) |

२. स्वाईल (Soil) स्याम्पलिङ्ग

३. रक (Rock) स्याम्पलिङ्ग

४. ................

५. ................

६. भू-भौतिक (Geo-Physical) अन्वेषण :-

१) ..................

२) ..................

३) ....................

७. (क) भौतिक (Physical) अन्वेषण :-

| सि.नं | विवरण | स्याम्पल संख्या | कूल लम्बाई (मिटर) | मोटाइ (Ore) (मिटर) |
|---|---|---|---|---|
| १. | ग्राब (Grab) स्याम्पलिङ्ग | | | |
| २. | चिप (Chip) स्याम्पलिङ्ग | | | |

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| ३. | च्यानेल (Channel) स्याम्पलिङ्ग | | | |
| | | संख्या | डाईमेन्सन (मि.) (L×B×H) | कूल आयतन (Volume) |
| ४. | ट्रेन्च (Trench) | | | |
| ५. | पीट (Pit) | | | |
| ६. | ड्रिलिङ्ग (Drilling) :-<br>ड्रिल होल नम्बर :-<br>लम्बाई (मि.) :-<br>कोर रिकभरी :-<br>कूल लम्बाई (मि.) :- | | | |

(ख) भूमिगत (Underground) अन्वेषणको लागि मात्र :-

| | संख्या | डाईमेन्सन (मि.) (L×B×H) | कूल आयतन (Volume) |
|---|---|---|---|

१) एडिट (Adit) / टनेल (Tunnel)

ड्राईभिङ्ग मेथड (Driving Method) :

क) ड्रिलिङ्ग (Drilling)

ख) ब्लाष्टिङ्ग (Blasting)

ग) सपोर्ट (Support system)

घ) ..................................

२) नक्सा तथा स्केच

३) मेशिनरी तथा अन्य सामान

४) खानी वातावरण (Mining Environment)

(क) बत्ती (Light)

(ख) पानी (Water)

(ग) हावा (Ventilation)

(घ) सुरक्षा (Safety)

८. स्याम्पल परीक्षण आधिकारिक परीक्षण प्रमाण पेश गर्नु पर्ने :

१) रासायनिक परीक्षण (Chemical Analysis)



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

२) मेटालर्जिकल परीक्षण (Metallurgical Analysis)

३) अन्य

९. ग्रेड तथा टनेज (Grade and Tonnage)

१०. अन्वेषण खर्च

११. बजार अध्ययन

निवेदकको,-

दस्तखत :

नाम :

मिति :

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-७

(नियम १४ को उपनियम (१) र (२) सँग सम्बन्धित)

**उत्खनन् कार्यको अनुमतिपत्रको निवेदन**

श्रीमान् महानिर्देशकज्यू,

खानी तथा खनिज भूगर्भ विभाग

लैनचौर, काठमाडौं ।

महोदय,

मलाई/हामीलाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६, बमोजिम उत्खनन् कार्य गर्न इच्छा भएकोले देहाय बमोजिमको विवरण खोली निवेदन गर्दछु/गर्दछौं ।

१. व्यक्तिको,

नाम :- पेशा :-

हुलाक ठेगाना :- फ्याक्स नं. :-

टेलिफोन :- टेलेक्स नं. :-

२. संगठित संस्था / फर्म / कम्पनीको,

नाम :-

हुलाक ठेगाना :-

टेलिफोन नम्बर :- फ्याक्स नं. :-

दर्ता भएको निकाय :- दर्ता मिति र नम्बर :-

मुख्य संचालक :-

३. उत्खनन् कार्य गर्न चाहेको खनिज पदार्थ :

४. उत्खनन् कार्य गर्न चाहेको अवधि :

५. प्राविधिकको व्यवस्था :

(१) आफै भए (क) व्यावसायिक योग्यता तालिम

(ख) अनुभव

(२) अन्य भए (क) नाम र ठेगाना

(ख) व्यावसायिक योग्यता तालिम

(ग) अनुभव



कानून तथा संसदीय मामिला मन्त्रालय

६. <u>खानी उत्खनन् कार्य गर्न माग गरेको क्षेत्रको चौहद्धि विवरण</u> :

.................. अञ्चल ................... जिल्ला ................... न.पा./गा.वि.स. स्थान ........................................ टोपोसिट नं. .......... निर्दिष्ट मूल चिन्हको भौगोलिक नियामक ..................................... बाट पूर्व .................. मिटर ...................... पश्चिम .................... मिटर उत्तर ................... मिटर ..................... दक्षिण .............. मिटर जम्मा .................. वर्ग कि.मि.

निवेदकको,-

दस्तखत :

नाम :

मिति :

<u>संलग्न कागजातहरु :</u>

१. खानी उत्खनन् कार्यको प्रस्तावित योजना

२. आफैंले खोजतलास कार्य गरेको भए सोको विस्तृत प्रतिवेदन

३. व्यावसायिक योग्यता, अनुभव, नागरिकता र कम्पनी, फर्म वा संस्थाको प्रमाण ।

४. खानी क्षेत्रको जग्गासँग सम्बन्धित जग्गावाला वा अन्य निकायको मञ्जुरनामा/सहमति आदि ।

५. प्रस्तावित खानी सार्वजनिक सडकबाट ५०० मिटर भित्र पर्ने भएमा सम्बन्धित निकायको सहमति ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## ■अनुसूची-७क.

(नियम १७ को उपनियम (४) सँग सम्बन्धित)

<u>थप उत्खनन् कार्यको लागि दिइने अनुमतिपत्रको निवेदन</u>

श्रीमान् महानिर्देशकज्यू,
खानी तथा भू-गर्भ विभाग,
लैनचौर, काठमाडौं ।

महोदय,

मलाईरहामीलाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम ..........................खनिज पदार्थको लागि मिति....................... देखि ...................... सम्म उत्खनन् कार्यको अनुमतिपत्र (अ.प.नं...................) प्राप्त भई उत्खनन् कार्य गर्दा खनिज भण्डार बाँकी रहन गएको र उक्त खनिज पदार्थको उत्खनन् कार्य गर्ने इच्छा भएकोले खानी उत्खनन् कार्यको प्रस्तावित योजना संलग्न गरी निवेदन गर्दछु/गर्दछौं ।

निवेदकको,
दस्तखत:
नाम:
ठेगाना:
मिति:

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

■ तेस्रो संशोधनद्वारा थप ।

## अनुसूची-८

(नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

**नेपाल सरकार**

**उद्योग मन्त्रालय**

**खानी तथा भूगर्भ विभाग**

**उत्खनन् कार्यको अनुमतिपत्र**

...................... अञ्चल ..................... जिल्ला .................. न.पा./गा.वि.स. वडा नं. .......... बस्ने श्री ................................................. लाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम निम्न लिखित क्षेत्र भित्र मिति ................ देखि ............... सम्म ................. खनिज पदार्थको उत्खनन् कार्य गर्न यो उत्खनन् कार्यको अनुमतिपत्र प्रदान गरिएको छ ।

**उत्खनन् कार्य गर्ने क्षेत्रको विवरण**

......................... अञ्चल ......................... जिल्ला ....................... न.पा./ गा.वि.स. स्थान ........................................ टोपोसिट नम्बर ................... निर्दिष्ट मूल चिन्हको भौगोलिक नियामक ............................................. बाट पूर्व ............. मिटर पश्चिम ..................... मिटर उत्तर .................. मिटर दक्षिण ................ मिटर जम्मा .......................... वर्ग कि.मी.

शाखा प्रमुखको,-      *महानिर्देशकको,-

दस्तखत :      दस्तखत :

नाम :      नाम :

**नवीकरण**

| क्र.सं. | मिति | नवीकरण आ.व. | दस्तुर बुझाएको | | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रसिद नं. | मिति | शाखा प्रमुख | महानिर्देशक | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

■अनुसूची-८क.

(नियम १७ को उपनियम (५) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग मन्त्रालय

खानी तथा भू-गर्भ विभाग

<u>थप उत्खनन् कार्यको अनुमतिपत्र</u>

...................... अञ्चल ...................... जिल्ला ...................... न.पा./गा.वि.स. वडा नं. ...... बस्ने श्री ........................................... लाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम निम्न लिखित क्षेत्रभित्र मिति ................ देखि .............. सम्म ................ खनिज पदार्थको थप उत्खनन् कार्य गर्न अनुमतिपत्र प्रदान गरिएको छ ।

थप उत्खनन् कार्य गर्ने क्षेत्रको विवरण

......................अञ्चल ........................... जिल्ला .......................... न.पा./गा.वि.स. स्थान ......................टोपोसिट नम्बर...................निर्दिष्ट मूल चिन्हको भौगोलिक नियामक ..................बाट पूर्व ........................मिटर, पश्चिम...................मिटर, उत्तर ............. मिटर र दक्षिण......... मिटरको जम्मा ......... वर्ग किलोमिटर ।

महानिर्देशकको,-

दस्तखत:

नाम:

मिति:

---

■ तेस्रो संशोधनद्वारा थप ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

नवीकरण

| क्र.सं. | मिति | नवीकरण आ.व. | दस्तुर बुझाएको | | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | रसिद नं. | मिति | महानिर्देशक | |
| | | | | | | |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-९

(*नियम १७ को उपनियम (२) सँग सम्बन्धित)

### खनिज पदार्थको वार्षिक उत्पादन प्रगति विवरण

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम र ठेगाना ........................................ .......................... अनुमतिपत्र नम्बर ...................... खनिज पदार्थको नाम : .................. प्रगति विवरण अवधि (आर्थिक वर्ष) .................. ।

२. खानी रहेको जिल्ला ............................. न.पा./गा.वि.स. ................ वडा नं. ........ स्थान ........................................................ ।

३. खनिज विकास :-

क) विस्तृत सिमांकनात्मक ड्रिलिङ्ग तथा अन्वेषणात्मक उत्खनन् :

ख) विस्तृत प्राविधिक उत्खनन् तथा प्रशोधन सम्भाव्यता अध्ययन :

ग) विस्तृत बजार तथा आर्थिक सम्भाव्यता अध्ययन :

घ) अन्तिम सम्भाव्यता मूल्यांकन :

४. खानी (उत्पादनात्मक) विकास :-

क) खानी उत्पादन परियोजना प्रबर्द्धन तथा कार्यान्वयन :

ख) नियमित खानी उद्योग संचालन :

ग) खानी विकास कार्य योजना :

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

* पहिलो संशोधनद्वारा संशोधित ।

५. <u>उत्पादन विवरण</u>

| क्र.सं | खनिज पदार्थको नाम बिक्री गरिएका सह उत्पादन वा उपउत्पादन | खनिज पदार्थको किसिम | ईकाई | गत वर्षको | | यस वर्षको उत्पादन | जम्मा | बिक्री | | | | कुल बिक्री | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उत्पादन | मौज्दात | | | स्वदेश | | विदेश | | | | | |
| | | | | | | | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | मौज्दात | कैफियत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ (६+७) | ९ | १० | ११ | १२ | १३ (९+११) | १४ | १५ (८+१३) | १६ |
| १.<br>२.<br>३. | | | | | | | | | | | | | | | |
| | कुल | | | | | | | | | | | | | | |

निवेदकको,-

दस्तखत :

नाम :

मिति :

द्रष्टव्य :

१. यस अनुसूची बमोजिम विवरण भर्दा आवश्यक विवरण मात्र भर्नु पर्दछ ।

२. अनुसूचीमा विवरण भर्ने ठाउँ नपुगेमा छुट्टै पानामा भरी पेश गर्नु पर्दछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## ➲अनुसूची-१०

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

**रोयल्टी दर**

| खनिज पदार्थको वर्ग | खनिज पदार्थको नाम | रोयल्टी दर (रु.) प्रति उल्लिखित इकाई |
|---|---|---|
| १. धातु | १. सुन | १००।- प्रति ग्राम (धातु) |
| | २. चाँदी | ५००।- प्रति के.जी.(धातु) |
| | ३. तामा | ५।- प्रति के. जी. (धातु) |
| | ४. जस्ता | ३।- प्रति के. जी. (धातु) |
| | ५. शिशा | १।- प्रति के. जी. (धातु) |
| | ६. फलाम | ४०।- प्रति टन (धातु) |
| २. अधातु | १. चूनढुङ्गा | ६०।- प्रति टन |
| | २. क्यालसाइट | ६०।- प्रति टन |
| | ३. खरी | १००।- प्रति टन |
| | ४. नून | ५ ।- प्रति टन |
| | ५. गेरु | २५।- प्रति टन |
| | ६. क्वार्ज | |
| | (१) जेम्स स्तर | १००।- प्रति के.जी. |
| | (२) औद्योगिक स्तर | १००।- प्रति टन |
| | ७. औद्योगिक बालुवा (सिलिका स्याण्ड) | ५०।- प्रति टन |
| | ८. म्याग्नेसाइट | ७५।- प्रति टन |
| | ९. डोलोमाइट | ५०।- प्रति टन |
| | १०. कोरण्डम (रुवी, सफायर, इमरल्ड) | |
| | (१) जेम्स स्तर | २५,०००।- प्रति के.जी. |
| | (२) औद्योगिक स्तर | १,५००।- प्रति टन |

➲ मिति २०७२।५।१४ को नेपाल राजपत्रमा प्रकमाशन सूचनाद्वारा हेरफेर ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| | | |
|---|---|---|
| | ११. एक्युमेरिन, बेरिल | |
| | (१) जेम्स स्तर | १५,०००।- प्रति के.जी. |
| | (२) औद्योगिक स्तर | १,५००।- प्रति टन |
| | १२. टुर्मालिन | |
| | (१) जेम्स स्तर | १५,०००।- प्रति के.जी. |
| | (२) औद्योगिक स्तर | १,५००।- प्रति टन |
| | १३. गार्नेट | |
| | (१) जेम्स स्तर | १,५००।- प्रति के.जी. |
| | (२) औद्योगिक स्तर | २५०।- प्रति टन |
| | १४. काइनाइट | |
| | (१) जेम्स स्तर | १,५००।- प्रति के.जी. |
| | (२) औद्योगिक स्तर | २५०।- प्रति टन |
| | १५. अभ्रख | १,०००।- प्रति टन |
| | १६. शालिग्राम वा अन्य फोसिल | ५०।- प्रति के.जी. |
| | १७. इन्धन | |
| | (१) पथ्थर कोइला | १७५।- प्रति टन |
| | (२) मट्टी कोइला | २०।- प्रति टन |
| | (३) प्राकृतिक वायोजेनिक ग्याँस | १।- प्रति घन मिटर |
| | १८. निर्माण सम्बन्धी खनिज वस्तु (ग्रेनाईट, मार्वल, एम्फिवोलाईट आदि) | |
| | (१) ड्रेस ब्लक | २,१४०।- प्रति घन मिटर |
| | (२) चिप्स | २५०।- प्रति टन |
| | १९. माटो | |
| | (१) औद्योगिक माटो | ३५।- प्रति घन मिटर |
| | (२) साधारण माटो | २५।- प्रति घन मिटर |
| | २०. साधारण निर्माण ढुङ्गा | |
| | (१) साधारण ढुङ्गा | २५।- प्रति घन मिटर |

| | | |
|---|---|---|
| | (२) स्ल्याव स्टोन | २०।- [α]प्रति वर्ग मिटर |
| | (३) स्लेट | ५।- [α]प्रति वर्ग मिटर |
| | (४) रोडा | ६०।- प्रति घन मिटर |
| | (५) बालुवा | २०।- प्रति घन मिटर |
| | (६) ग्राभेल | १५।- प्रति घन मिटर |

द्रष्टव्य: (१) धातु खनिज पदार्थको वर्गभित्र पर्ने अन्य खनिज पदार्थहरुको रोयल्टी दर कायम गर्दा धाउमा रहेको धातुको प्रतिशत तथा बजार मूल्यको आधारमा कायम गरिनेछ ।

(२) यस अनुसूचीभित्र नपरेका अधातु खनिज पदार्थहरुको रोयल्टी दर कायम गर्दा प्रचलित बजार मूल्यको सरदर पाँच प्रतिशतका दरले कायम गरिनेछ ।

(३) धातु खनिज पदार्थको वर्गभित्र पर्ने खनिज पदार्थलाई कन्सेन्ट्रेटको रुपमा बिक्री गरेमा कन्सेन्ट्रेटमा रहेको धातुको प्रतिशतको आधारमा रोयल्टी कायम गरिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

α चौथो संशोधनद्वारा संशोधित ।

## अनुसूची-११

(नियम २८ को उपनियम (२) सँग सम्बन्धित)

**नेपाल सरकार**

**उद्योग मन्त्रालय**

**खानी तथा भूगर्भ विभाग**

**खास खनिज पदार्थको अनुमतिपत्र**

...................... अञ्चल ..................... जिल्ला .................. न.पा. /गा.वि.स. वडा नं. ........... बस्ने श्री ..................................................... लाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम निम्न लिखित क्षेत्र भित्र मिति ..................... देखि .................. सम्म खास खनिज पदार्थको खनिज कार्य गर्न यो अनुमतिपत्र प्रदान गरिएकोछ ।

**खास खनिज पदार्थको खनिज कार्य गर्ने क्षेत्रको विवरण**

अञ्चल .................... जिल्ला ................... न.पा. र गा.वि.स. स्थान ............... टोपोसिट नम्बर .............. निर्दिष्ट मूल चिन्हको भौगोलिक नियामक ...................... बाट पूर्व ............. मिटर पश्चिम ..................... मिटर उत्तर .................. मिटर र दक्षिण ................ मिटर जम्मा .......................... वर्ग कि.मी.

| | |
|---|---|
| शाखा प्रमुखको,- | *महानिर्देशकको,- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |

**नवीकरण**

| क्र.सं. | मिति | नवीकरण आ.व. | दस्तुर बुझाएको | | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रसिद नं. | मिति | शाखा प्रमुख | महानिर्देशक | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

* पहिलो संशोधनद्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१२

(नियम ३४ को उपनियम (१) सँग सम्बन्धित)

**साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्रको निवेदन**

मिति :

श्री जिल्ला विकास समिति,

...................... जिल्ला

महोदय,

मैले/हामीले खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम निम्न बमोजिमको क्षेत्रमा साधारण निर्माणमुखि खनिज पदार्थ ................... को खनिज कार्यको अनुमतिको लागि देहाय बमोजिमको विवरण खोली निवेदन गरेको छु/छौं।

१. व्यक्तिको,

नाम :- पेशा :-

हुलाक ठेगाना :- फ्याक्स नं. :-

टेलिफोन :- टेलेक्स नं. :-

२. संगठित संस्था / फर्म / कम्पनीको,

नाम :-

हुलाक ठेगाना :-

टेलिफोन नम्बर :- फ्याक्स नं. :-

टेलेक्स नं. :- दर्ता मिति र नं. :-

दर्ता भएको निकाय :-

मुख्य संचालक :-

३. खनिज कार्य गर्न चाहेको खनिज पदार्थ :-

४. खनिज कार्य गर्न चाहेको अवधि :-

५. प्राविधिकको व्यवस्था :-

(१) आफै भए (क) व्यावसायिक योग्यता र तालिम

(ख) अनुभव

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) अन्य भए (क) नाम र ठेगाना

(ख) व्यावसायिक योग्यता र तालिम

(ग) अनुभव

६. साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्न माग गरेको क्षेत्रको चौहद्धि विवरण :

.................. अञ्चल ................... जिल्ला ................... न.पा./गा.वि.स. स्थान .................................. को ............................. लाई मूल चिन्ह मानी सोबाट पूर्व ................................ मिटर, पश्चिम .......................... मिटर उत्तर ............................... मिटर र दक्षिण .......................... मिटर जम्मा ................ वर्ग कि.मि. ।

संलग्न कागजातहरु,- निवेदकको,-

१. दस्तखत :

२. नाम :

३. मिति :

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१३

(नियम ३७ को उपनियम (१) सँग सम्बन्धित)

जिल्ला विकास समिति

................. जिल्ला

**साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्यको अनुमतिपत्र**

मिति :

....................... अञ्चल ...................... जिल्ला ................... न.पा. /गा.वि.स. वडा नं. ........... बस्ने श्री ...................................................... लाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम निम्न लिखित क्षेत्र भित्र मिति ...................... देखि ................... सम्म साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्न यो खानी उत्खनन् अनुमतिपत्र प्रदान गरिएको छ ।

**साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्ने क्षेत्रको विवरण**

....................... अञ्चल ..................... जिल्ला ..................... न.पा. र गा.वि.स. स्थान .................................. को ............................ लाई मूल चिन्ह मानी सोबाट पूर्व ............................ मिटर, पश्चिम ............................ मिटर उत्तर .................. मिटर, दक्षिण .................. मिटरको जम्मा ..................... वर्ग कि.मी.

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको,-

दस्तखत :

नाम :

पद :

**नवीकरण**

| क्र.सं. | मिति | नवीकरण आ.व. | दस्तुर बुझाएको | | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | रसिद नं. | मिति | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

## ➲अनुसूची-१४

(नियम ४६ को उपनियम (१) सँग सम्बन्धित)

**वार्षिक भू-बहाल**

१. पहिलो वर्ष प्रति वर्ग किलोमिटर पाँच हजार रुपैयाँका दरले ।

२. दोस्रो वर्ष प्रति वर्ग किलोमिटर दश हजार रुपैयाँका दरले ।

३. तेस्रो वर्ष प्रति वर्ग किलोमिटर पन्ध्र हजार रुपैयाँका दरले ।

४. चौंथो वर्ष प्रति वर्ग किलोमिटर बीस हजार रुपैयाँका दरले ।

५. पाँचौं वर्ष प्रति वर्ग किलोमिटर पच्चीस हजार रुपैयाँका दरले ।

६. छैठौं वर्ष वा सोभन्दा पछि प्रति वर्ग किलोमिटर तीस हजार रुपैयाँका दरले ।

द्रष्टव्य : खोजतलास चरणबाट उत्खनन् चरणमा जाँदा वर्षलाई निरन्तरता दिई भू-बहाल हिसाव गरिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

➲ मिति २०७२।५।१४ को नेपाल राजपत्रमा प्रकमाशन सूचनाद्वारा हेरफेर ।